There is a gap between Lichchhavi and Malla period in the history of Nepal that due to lack of any historical evidential facts, the period after Lichchhabvi and before Malla is known as DARK AGE. Although there is lack of evidences of this period, the continuation and the intact style and design of Lichchhavi monuments till today prove that the conservation work of cultural heritage was continued in the Dark Age too. It cannot be said that the well developed system in Malla period was not continuation and advancement of previous; we do not have any evidence against it. It is clearly mentioned in the inscriptions of Malla period that heritage conservation was managed by state or government and king or royal families. Beside this, the genral people also established some trusts for long term continuation for conservation and management of monuments by their religious and socio-cultural beliefs. Inscription of 1149 mentions that it was provided the fund for

renovation of rest house (***PATI***) in the corner of road. Another inscription of 1654 mentions about the replacement of wooden pillars in its original style and design instead of stone pillars during the renovation of a temple.

These principles are as the examples of continuation of the Lichchhavi system in the context of cultural heritage conservation.

An inscription of 1634 has mentioned about the constitution/legislation for restoration. It is to be understood that the state introduced the principles and methods of conservationon, practical procedure and legislation as well in written form at that time.

In this way, state, the king and royal families managed for the heritage conservation in the medieval period. The principles and legislation were also introduced at that time. Similarly, by the socio-cultural structure and their belief, general people or the community/society also established the trusts for longer management and conservation of heritage that was the tradition of the society, which is still continued in Newar community.

## Shah Period:

According to the period divided in political history of Nepal, period after the unification of Kathmandu valley into Greater Nepal by Prithvi Narayan Shah in 1768 (1825 BS) and before the Democratic revolution in 1951 (including the Rana Regime for 107 years) is known as the Shah period.

Although there were not any significant or special activities / event due to different reasons in this period, the authentic institution for the heritage management had started by the state or government and the scientific study on heritage was also started in this period. It was felt that a responsible government authority or institution had to be established for the conservation and management of the scattered monuments and heritage all over Nepal at that time and King Rana Bahadur Shah had established an office naming CHHAIVADEL ADDA in 1741 (1798 BS). Conservation and management of monuments all over Nepal from the government side was main responsibility of this office.

Major Jaskaran found Ashokan Pillar in Lumbini in 1893 and Dr. Fuhrer explored another Ashokan Pillar in Niglihawa in 1885 where he excavated later in 1896.

According to the statistical data 56 monuments in Kathmandu, 259 in Lalitpur and 177 in Bhaktapur were collapsed/demolished by the great Earthquake in 1934 in Nepal (Shrestha 2058). It is mentioned that the monuments were restored by doing three roofs into one, one roof into dome; anyhow they did as possible at that time (Bramha Shamsher, 1992).

In this way, although there was not any special event, a government authorized office was established for the conservation and management of heritage and it was the time from when research and studies on heritage was started by the foreign scholars in a scientific way. So that, this period is also very significant in the history of development of cultural heritage conservation and management.

## Modern Period

After the Democratic revolution and end of Rana regime in 1951 (2007 BS) upto now is known as Modern period in Nepalese political history that it is tried to study in the same time frame for the conservation and management too. That's the reason why, almost all of the activities / events has done in this period. After the Democratic revolution of 1950 sensetization campaign has started for conservation, management and history of cultural heritage in Nepal.

The Department of Archaeology (DoA) established in 1952 and the Director General appealed to Nepalese people for preserving, safe guarding archeological properties by deterioration. Then Ancient Monument Preservation Act 1956 (AMPA) adopted by Nepal government for the conservation and management of archaeological sites/remains and monuments of Nepal. After the execution of AMPA, DoA established itself as a sole authority and major responsible organization of Government of Nepal on cultural heritage preservation and conservation that has been still continuing. DoA has been working on exploration, excavation, management and conservation of archaeological sites and monuments as well.

In the same way, Department of Culture was also established in 1959 and National Museum in 1962.

AMPA was amended in 1963, which included the local authorities as responsible and involving organization on the heritage conservation and management.

The exploration, research or study and excavation were done on the scattered cultural heritage all over Nepal by the foreign scholars and DoA as well in this period. It was the important event that National Wood Art Museum established in 1967 (2024 BS). Inventory on Conservation and Safe guarding the Physical Environment and Cultural Heritage of Kathmandu Valley was prepared and published in cooperation with UNESCO in 1975 (2032 BS) which included the heritage of Kathmandu, Lalitpur and Bhaktapur. Town Developmet Committee was established for the preservation of social, religious, cultural and natural environment of Kathmandu valley in 1976 (2033 BS). AMPA was amended again and Ancient Monument Preservation Regulation had adopted by government in 1989 (2046 BS) that made very strong and powerful to legislation on preservation, conservation and management of heritage.

Beside these, Kathmandu Valley was inscribed in the list of UNESCO's World Heritage Site in 1979, the site consists seven monument zones of Kathamandu valley. They are: three Malla palaces (Hanumandhoka Durbar, Patan Durbar and 55 Windows Durbar), Swayambhu Stupa, Baudha Stupa, Pashupatinath Temple and Changunarayan Temple and these sites has declared the Protected Monument Zones (PMZs) by government of Nepal according to its legislation for better preservation and management. The concept of Master Plans were developed, prepared and executed to protect and manage the sites.

Lumbini, the birthplace of Lord Buddha, was also inscribed in the list of World Heritage Sites in 1997 and other six sites were listed in Tentative List of UNESCO's World Heritage Sites simultaneously, in which more nine sites has included later in 2008 that there are 15 heritage sites in Tentative List.

Regarding to the conservation and management of cultural heritage of Nepal, government declared some other heritage sites as PMZ in different times, which are Panuti, Dakshinkali and Gorkha Durbar Protected Monument Zone. There are bylaws for better preservation and management of PMZs. DoA is still working on the preparation of Invetories identifying the scattered heritage sites, monuments and archaeological sites of Nepal since last three years.

In this way, different legislations (acts, rules and regulations) and policies are adopted, many governmental and non-governmental organizations, museums has established in this period especially after 1989 revolution.

## Conclusion

There are innumerable efforts since the time unknown to preserve the precious and outstanding cultural heritages in their intact style, form and design which to be handed over to next generation.

We have the history of conservation since when Emperor Ashok reconstructed the deteriorated stupa of Kanakmuni Buddha in its original style but double in size in 3rd century BC. Since written history of Nepal begun, it was clearly mentioned on inscription about the conservation and management of monuments and other heritage in the entire period.

Some of the principles on conservation were clearly mentioned on inscription of Lichchhavi period. So that activities on heritage conservation and management might be done before Lichchhavi period and it was the continuation; but there is not availability of any evidence on it. Inscriptions of Malla period proves that it was also continued upto the Malla period by inheritance. Some more principles were introduced and conservation works were done according to the socio-cultural context. The king, royal families and state were the main sources and manager of heritage conservation at that time as mentioned in the inscription. Beside this, the general people also contributed to the heritage conservation due to their religious beliefs and social- cultural norms and values. Especially they established *GUTHI* (trust) for the autonomous long lasting management of the entire monument. In Kathmandu valley, there do still exist some of *GUTHIs* in Newar community which is the continuation of the same tradition. They have their own tradition on conservation and special fuctions or festivals on it.

There was the continuation of Malla tradition in Shah period. The special character in this period was the stablishment of governmental office for the conservation of monument within the legal framework of the state.

In the same way, establishing different organizations with certain legal system the conservation and management of heritage is still continuing and it is ongoing that the Deparment of Archaeology is the major government authority for the conservation and management of cultural heritage by legal system of Nepal. So, DoA is also playing a key role for entire responsibility in the national and international arena since its establishment.

## Bibliography:


1. **Shakya, Hem Raj** (2030 BS). Nepal Lipi Prakash, Royal Nepal Academy, Kathmandu, Nepal.
2. **Rajbamshi, Shankarman,** Nepal Lipi Bikas, Kailash, Kathmandu, Nepal.
3. **Bajracharya, Dhanabajra** (2053 BS). Lichchavi Inscriptions, Nepal and Asian Research Centre, T.U., Kirtipur, Kathmandu.
4. **Bajracharya, Dhanabajra** (2058 BS). Medieval Inscriptions, Nepal and Asian Research Centre, T.U., Kirtipur, Kathmandu.
5. **Nepal, Bhim Prasad** (2058 BS). World Heritage Convention and Kathmandu Vallery World Heritage Sites, Secretariat of Nepal National Commission for UNESCO, Kesharmahal, Kathmandu, Nepal.
6. **Shakya, Hemraj** (1098 NS). Shri Swayambhu Mahachaitya, Swayambhu Vikas Mandal, Kathmandu, Nepal.
7. **Bonapace, Caterina and Sestini** Valerio (2003). Traditional Materials and Conservation Technologies used in the Kathmandu Valley, United Nations Educational, Scientific and Cultural Organization, Paris.
8. **Department of Information,** (2007). Heritage Sites of Nepal in World Heritage List; DoI, Government of Nepal, Ministry of Communication and Information, Kathmandu, Nepal.
9. Prof. Tiwari, Sudarshan Raj (2008). Conservation and Maintenance of Cultural Heritage Sites; A paper presentation (Unpublished) in the Training for Heritage Site Managers.
10. **Shrestha, Suresh Suras** (May 2008). KATHMANDU VALLEY: REMOVING FROM THE LIST OF WORLD **HERITAGE** SITE IN DANGER, Ancient Nepal, No. 167, DoA, Kathmandu, Nepal.
11. **Shrestha, Suresh Suras** (2010). Wooden Architecture and Conservation: A Case Study of Swayambhu Stupa Conservation, In Research, Analysis and Preservation of Archaeological Sites and Remains, CHPC Office-ACCU, Nara, Japan.
12. **Shrestha, Shova (2058 BS).** Heritage Conservation, involved institutions and Facing Problems. Ancient Nepal, N0. 149, DoA, Kathamandu, Nepal.
13. **Bramha Shamsher** (1992 BS). The Great Earthquake of Nepal, Kathmandu, Nepal.
14. **Shrestha, Suresh Suras** (2061 BS). Museum Development in Nepal, Souvenir, Nepal National Ethnographic Museum, Kathmandu, Nepal.
15. **Convention Concerning the Protection of the World Cultural and Natural Heritage,** 16 November 1972, UNESCO, Paris.
16. **Annual Reports on Kathmandu Valley World Heritage Sites,** Department of Archaeology, Kathmandu, Nepal.

# बहुपति विवाह

- हरिराम जोशी

विवाह मुख्यतः आठ प्रकारको भएको कुरा वर्णित भए जस्तै यहाँको प्राचीन समाजमा एक विवाह : एक पत्नीकता अथवा एक पतित्व औ बहु विवाहः वहु पत्नीत्व र बहु पतित्व गरी विवाह प्रथाहरु प्रचलित भएको पाइएका छन्। यसरी यहाँ प्राचीनकालदेखिनै एक विवाह औ वहुविवाह गरी विवाह प्रथा समाजमा प्रचलित भएको देखिन्छ। तर, उक्त दुवै प्रकारका विवाह प्रथाहरुमध्ये एक विवाहको प्रथालाई खास आदर्शयुक्त विवाहको रुपमा लिइएको छ। दम्पति शब्दमै यसको पूर्ण सार्थकता छ। धर्मपत्नी पनि एउटै हुने हुन्छ, सबै होइन। समाजमा यिनको स्थान ज्यादै उच्च र उन्नत भएको कुरा यिनलाई पुरुषका शरीरार्द्ध औ अर्द्धाङ्गिनी भनिएबाट स्पष्टतः विदित हुन्छ। वेदका पंक्तिहरुको अध्ययनबाट पनि यस यथार्थताको स्पष्ट जानकारी मिल्छ कि एक विवाह नै आदर्श विवाह रहेको छ। ऋग्वेद १०.८५-४६ र अथर्ववेद १४.२.६ उक्त कुराका पुष्टिका लागि सहाय्य छन्।

*"आ नः प्रजां जनयतु प्रजापतिराजरसाय समनक्त्वर्यमा।*
*अदुर्मङ्गलीः पतिलोकमा विश शं नो भव द्विपदे शं चतुष्पदे ॥४३॥"*

*-ऋग्वेद १०.८५.४३*

*"सा मन्दसाना मनसा शिवेन रयिं धेहि सर्ववीर वचस्यम्।*
*सुगं तीर्थं सुप्रपाणं शुभस्पती स्थाणुं पयिष्ठामप दुर्मतिं हतम् ॥६॥"*

*-अथर्ववेद १४.२.६*

आपस्तम्ब धर्मसूत्र २.५.१२. अनुसार धर्म प्रजायुक्त पत्नी छंदा छँदै दोश्रो विवाह गर्नु हुँदैन।

*"धर्मप्रजासम्पन्नेदारेनऽन्यां कुर्वीत्।"*

*- आपस्तम्ब धर्मसूत्र २.५.१२*

नारदस्मृति (स्त्री पुंस.), ९५ मा मधुभाषिणी, गृहकार्यमा कुशल, साध्वी, सन्तानयुक्त पत्नीको त्याग गर्ने पतिलाई राजाद्वारा कठोर दण्ड दिइनु पर्ने कुरा वर्णित छ।

*"अनुकूलामवाग्दुष्टा दक्षां साध्वीं प्रजावतीम्।*
*त्यजन् भार्यामवस्थाप्यो राजा दण्डेन भूयसा ॥"*

*- नारद स्मृति ९५*

यी तथ्यहरुको आधारमा यत्ति त स्पष्टरुपले भन्न सकिन्छ कि हिन्दू विवाहमा प्रायः एक विवाहकै चलन रहेको छ औ सांस्कृतिक मूल्यको आधारमा त्यसलाई नै उन्नत आदर्श मानिएको छ।

प्राचीनकालदेखिनै एक विवाह प्रथालाई आदर्श विवाहको रुपमा लिइएतापनि त्यस समयमैं पनि यहाँ बहुविवाहको प्रथा यथेष्ट मात्रामा फैलिएको थियो। यस प्रथा अनुसार पुरुषहरु एक भन्दा बढि अनेकौं पत्नीहरु राख्न सक्तथे। बहु पत्नीत्वको प्रथा राजाहरु र धनी वर्गहरुमा वढी थियो। राजाहरुको साधारणतः चार प्रकारका पत्नीहरु हुने कुराको विवरण शतपथ ब्राह्मण ५.२.१.१०, १३.४.१.७ मा पाइन्छ - महिषी (प्रधान रानी), परिवृक्ता (प्रभावशाली), वावार्ता (व्यक्तिगत रुपले प्रिय) तथा पालागली (सबैभन्दा निम्न व्यक्तिकी कन्या)।

*"चलस्रो जाया उपक्लृप्ता भवन्ति।*
*महिषी वावाता परिवृक्ला पालागली ॥"*

*- शतपथ ब्राह्मण ५.२.१.१०, १३.४.१.७*

ऋग्वैदिककालमा पनि पुरुषहरुका अनेकौं पत्नीहरु हुने कुराको संकेत ऋग्वेद १०.१४५, १५९ मा

पाइन्छ । धर्मका दशजना पत्नीहरु थिए भने याज्ञवल्क्यका मैत्रेयी र कात्याषनी नामकी दुई विदुषी पत्नीहरु थिइन् । महाभारत आदिपर्व तथा बृहदारण्यकोपनिषद् यस कुराका साक्षी स्वरुप छन् ।

*"ददौ स दश धर्माय सप्तविंशतिमिन्दवे ।*
*दिव्येन विधिना राजन् कश्यपाय त्रयोदश ॥१३॥*
*नामतो धर्मपल्यस्ताः कीर्त्यमाना निबोध मे ।*
*कीर्तिर्लक्ष्मी र्घृतिर्मेधा पुष्टिः श्रद्धा क्रिया तथा ॥१४॥*
*बुद्धिर्लज्जा मतिश्चैव पत्न्यो धर्मस्य ता दश ।*
*द्वाराण्येतानि धर्मस्य बिहितानि स्वयम्भुवा ॥१५॥"*
*- श्री महाभारते आदि पर्वणि षट्षष्टितमोऽध्यायः*

*"अथ ह याज्ञवल्क्यस्य द्वे भार्ये वभूवतुर्मैत्रेयी च कात्यायनी च तयोर्ह मैत्रेयी ब्रह्मवादिनी बभूव स्त्रीप्रज्ञेव तर्हि कात्यायन्यथ ह याज्ञवल्क्योऽन्यद्वृत्तमुपाकरिष्यन् ॥१॥"*
*- बृहदारण्यकोपनिषत् ४.५.१*

भगवान् कामदेव (स्मर) का पनि दुई पत्नीहरु यथा प्रीति र रति भएको कुरा निम्न लिखित प्रस्तर अभिलेखबाट जानिन आएको छ ।

*"यद्भात्यभिरम्य - सरि द्वयेन चपलोर्म्मिणा समुपगुढ ।*
*रहसि कुच-शालिनीभ्यां प्रीति-रतिभ्यां स्मराङ्गमिव ॥"*
*- कुमारगुप्त तथा बन्धुवर्मनका मन्दसोर प्रस्तर अभिलेख, मालव वर्ष ४९३ तथा ५२९*

बौद्ध साहित्यमा पनि बहु विवाहका अनेकौं उदाहरणहरु पाइन्छन् । अङ्गुत्तर निकाय ग्रन्थमा एक व्यक्तिका चारजना पत्नीहरु भएको कुराको विवरण दिइएको छ । जातक कथाहरुमा पनि अनेकौं पत्नीहरु भएका पतिहरुको विवरण पाइन्छ । महावंशको अनुसार भगवान् बुद्धका पिता शुद्धोदनका दुईजना पत्नीहरु थिए - मायादेवी र महाप्रजापति गौतमी । महावग्ग ८.१.१५ मा वर्णित भए अनुसार मगध नरेश बिम्बिसारका पाँचसय पत्नीहरु थिए । यी सबै आधारहरुबाट एक विवाहको साथ-साथ बहु विवाहको प्रथा पनि प्राचीनकालदेखि नै यहाँ प्रचलित भएको देखिन्छ ।

यहाँनिर यस यथार्थतालाई विर्सनु छैन कि बहु विवाह भन्दा बहुपत्नी विवाह मात्र नभई बहुपति विवाहको परम्परालाई पनि इङ्गित गरेको छ । यो निश्चय छ कि बहुपत्नी विवाहको अनुपातमा बहुपति विवाहको प्रथा ज्यादै सीमित मात्रामा मात्र प्रचलित रहेको छ । बहुपति विवाहको प्रथा वैदिककालमैं यहाँ प्रचलित रहेको देखिन्छ । अथर्ववेद ५.१७.८-९ मा एक स्त्रीका ब्राह्मण, क्षेत्रिय र वैश्य पतिहरुमध्ये ब्राह्मण पतिलाई अत्यन्त माननीयको रुपमा वर्णन गरिएको छ जसलाई वैदिक युगमा एक स्त्रीका अनेकौं पति हुने कुराको प्रमाण रुपमा लिन सकिन्छ ।

*"उत यत् पतयो दश स्त्रियाः पूर्वे अब्राह्मणाः ।*
*ब्रह्मा चेद्धस्तमग्रहीत् स एव पतिरेकधा ॥८॥*
*ब्रह्मण एव पतिर्न राजन्यो न वैश्यः ।*
*तत् सूर्यः प्रब्रवन्नेति पञ्चभ्यो मानवेभ्यः ॥९॥"*
*-अथर्ववेद, पञ्चमं काण्डम्, सूक्तम् १७*

तर, वैदिककालमै यो प्रथाको विरोध देखिएको थियो । तैत्तिरीय संहिता ६.५.४.१ मा वर्णित भए अनुसार एउटा यूपमा दुईओटा दोरी बाँध्न सकिन्छ, यसर्थ एक जना पुरुषले दुईओटा पत्नीहरु राख्न सक्तछन् । तर, एउटा डोरी दुई ओटा यूपमा बाँध्न सकिंदैन, यसर्थ एकजना स्त्रीले दुईजना पति राख्न सक्तैन । ऐतरेय ब्राह्मण अनुसार पनि पुरुषहरुले अनेकौं पत्नीहरु राख्न सक्तछन्, तर स्त्रीले अनेकौं पति राख्न सक्तैन । यी आधारहरुबाट वैदिक कालमा बहुपति विवाहको प्रथा विद्यमान रहेर पनि त्यसको सामाजिक एवं सांस्कृतिक मान्यता त्यत्ति साह्रो नभएको स्पष्टः लाग्दछ ।

वैदिक कालको साथै इतिहास-पुराणकालमा पनि बहुपति विवाहको विरोध समाजमा देखिएको थियो । महाभारत १.१९४.२७ तथा १.१९५.७ मा बहुपति विवाहको स्पष्टरुपले विरोध गरिएको छ । त्यसमा वर्णित वर्णन अनुसार यो प्रथा लोक औ वेद दुबैको बिरुद्ध छ ।

*"एकस्य बह्व्यो विहिता महिष्यः कुरुनन्दन ।*
*नैकस्या बहवः पुंसः श्रूयन्ते पतयः क्वचित् ॥२७॥"*
*- महाभारत १.१९४.२७*

*"अधर्मोऽयं मम मतो विरुद्धो लोकवेदयोः ।*
*न ह्येका विद्यते पत्नी बहूनां द्विजसत्तम ॥७॥"*
*- महाभारत १.१९५.७*

यसरी भन्दैमा यो प्रथा सामाजिक परम्परामा सर्वथा अमान्य नै छ भन्न पनि मिल्दैन । पुराणको हवाला दिई महाभारतमैं यस कुराको वर्णन गरिएको छ कि

धर्मात्माहरुमा श्रेष्ठ जटिला नामकी गौतम गोत्रकी कन्याले सातजना ऋषिहरुसित विवाह गरेकी थिइन् । फेरि, कण्डु मुनीको पुत्री वार्क्षीले तपस्याद्वारा पवित्र अन्तकरण भएका दसजना प्रचेताहरुसित, जो आपसमा भाई-भाई थिए, विवाह गरेकी थिइन् । महाभारत १.१९५.१३-१५ यस कुराको साक्षी छ ।

*"न मे वागनृतं प्राह नाधर्मे धीयते मतिः ।*
*वर्तते हि मनो मेऽत्र नैषोऽधर्मःकथंचन ॥१३॥*
*श्रूयते हि पुराणेऽपि जटिला नाम गौतमी ।*
*ऋषीनध्यासितवती सत्त धर्मभृतां वरा ॥१४॥*
*तथैव मुनिजा वार्क्षी तपोभिर्भावितात्मनः ।*
*संगताभूद् दश भ्रातृनेकनाम्नः प्रचेतसः ॥१५॥"*
*- महाभारत १.१९५.१३-१५*

महाभारतकी नायिका द्रौपदीका पाँचजना पतीहरु भएको कुरा विश्वप्रसिद्ध छ। तिनीलाई पाँचजना पति हुने वर स्वयं भगवान् शिवले दिएको कुरा महाभारत १.१९६.४६-४७ मा स्पष्टरुपले वर्णन गरिएको छ ।

*"सैवमुक्ताब्रवीत् कन्या देवं वरदमीश्वरम् ।*
*पतिं सर्वगुणोपेतमिच्छामीति पुनःपुनः ॥४६॥*
*ददौ तस्यै स देवेशस्तं वरं प्रीतमानसः ।*
*पञ्च ते पतयो भद्रे भविष्यन्तीति शंकरः ॥४७॥"*
*- महाभारत १.१९६.४६-४७*

महाभारतको उक्त कथनबाट आपस्तम्ब धर्मसूत्रमा वर्णित यस कथन कि कन्याको विवाह व्यक्ति सित होइन, परिवारसित हुने भन्ने कुरोको प्रामाणिकतालाई अवश्य वल मिल्दछ । यी आधारहरुबाट बहुपति विवाहको प्रथा प्राचीनकालदेखि नै विद्यमान रहेको कुरा स्पष्टरुपले देख्न सकिन्छ ।

बहुपति विवाहको प्रथा तिब्बत एवं हिमाली भेकका जनमानसमा अद्यापि प्रचलित रहेको छ। प्रो टुचीले हिमाली क्षेत्रका जनमानसमा बहुपति विवाहको प्रथा प्रचलित र हेको यथार्थता तिर स्पष्टरुपले इङ्गित गरेका छन् । (द्रष्टव्य - Giuseppe Tucci: Preliminary Report on Two Scientific Expeditions in Nepal, Rome Instituto Italiano Per il Medio Ed Estremo Oriente, 1956 A.D., P. 102). सदत चन्द्र दासले पनि तिब्बती आइमाईहरुका एकसाथ अनेकौं पति हुने कुरातिर संकेत गरेको छ ।

*"The Custom of several brothers making one woman their common wife, to keep the ancestral property entire and undivided, is said to have had its origin in Khams, where it is at this day extensively practised. The Tibetans of U and Tsang have borrowed it from their cousins of Khams, but it is not universal wiith them. The wife is claimed by the younger brothers as their wife only so long as they continue to live with the eldest one. When they separate from their eldest brother, they cannot ask him to pay compensation for their share in the wife, and she remains the lawful wife of the eldest brother. It is not unusual for a father or uncle to live with his son's or nephew's wife, and even in high life a father makes himself a partner in the marital rights over his son's wife."*

*– Sarat Chandra Das, Lhasa and Central Tibet,*
*Mehra Offset Press, Delhi, 1988 AD*

हिमालवासी जनजातिहरुमा अहिले पनि जब जेठोले विवाह गर्दछ त तिनकी स्त्री तुरुन्त सबै भाईहरुकी पत्नी बन्छिन् । (द्रष्टव्य - क.मा. मुन्शीः बद्रीनाथकी ओर, भारतीय विद्याभवन, बम्बई, १९५९ ई., पृ. २०-२१) यी आधारहरुबाट यस यथार्थतालाई स्पष्ट बल मिल्छकि बहुपत्नी विवाहको साथ साथ बहुपति विवाहको प्रथा पनि प्राचीनकाल देखिनै चल्दै आइरहेको छ । यस कुराको प्रामाणिकतालाई हाम्रा प्राचीन सूत्र ग्रन्थले पनि स्पष्टतः पुष्टि गरेको छ । माथि वर्णित आपस्तम्ब धर्मसूत्र २.२७.३-४ ले कन्या परिवारलाई दिइन्छ, न कि एक व्यक्तिलाई मात्र भनी प्राचीन परम्पराको उल्लेख गरेको छ । कतिपय मधिसे जन समाजमा दाज्यूको मृत्यू भएपछि देवरले भाउज्यू वेहोर्ने चलन अद्यापि कायम रहेको पाइएकोलाई उपर्युक्त प्राचीन परम्पराको ऐतिह्यको रुपमा लिन सकिन्छ ।

उपर्युक्त तथ्यको परिप्रेक्षमा नेवार समाजमा प्राचीनकालदेखि प्रचलनमा आएको विवाहप्रथामा वरियातसंगै कन्याको घरमा दुलाहा नजाने परिपाटीलाई लिनु औचित्यप्रद लागेको छ । उक्त अवसरमा वरियातसंगै दुलाहा नगई घरको मूली व्यक्ति मात्र गएरदुलही लिएर आई विवाह गरिदिने प्रचलनमा उपर्युक्त सूत्र ग्रन्थको आशयलाई स्पष्ट रुपले उजागर गरे जस्तो लाग्दछ । फेरि नेवार समाजमा लोग्नेलाई भात भनिन्छ । यसरी भात भन्नाले लोग्ने भन्ने अर्थको बोध हुन्छ। यहाँनिर लोग्नेका दाज्यू या भाईलाई दरभत, किजाभत भन्ने गरेको विषयतर्फ स्मरण गर्दा ती शब्दहरुले

दाज्यु लोग्ने तथा किजा लोग्ने भन्ने अर्थ नलाग्ला भन्न सकिन्न । त्यसतै, भोत शब्दले लोग्नेका दिदी या बहिनीलाई संकेत गर्ने हुँदा तिनीहरुलाई ता:भोत वा केहें भोत भन्ने गरेको पाइन्छ । यसको अतिरिक्त यहाँका ज्यापुनीहरुलाई पनि भोत भन्ने गरेका पाइन्छ । उपर्युक्त यथार्थताहरुमाथि विचार गर्दा नेवार समाजमा पनि प्राचीन समयमा बहुपति विवाहको प्रथा थियो र नेवार स्त्रीहरुले लोग्नेको मृत्यूपछि आफ्नै जेठाज्यू या देवरसंग पुनः विवाह हुन्थ्यो कि भन्ने अनुमान प्रवल देखिन्छ । जेहोस् वैदिक आदर्शको प्रभाव यथेष्ट मात्रामा नेपालका नेवार समाजमा पनि रहेको थियो । यसर्थ यहाँनिर पनि स्त्रीले आफ्ना मृतक पतिलाई त्यागेर तिनीलाई मनपराउने दोश्रो व्यक्तिसित विवाह सूत्रमा बाँधिन तयार रहन् भन्ने ऋग्वैदिक ऋचा १०.१८.८ मा वर्णित कथनको पनि प्रभाव नेवार समाजमा पनि परेको छैन भनी ठोकुवा गर्न नसकिने स्पष्ट छ ।

> *"उदीर्ष्व नार्यभि जीवलोकं गतासुमेतमुप शेष एहि ।*
> *हस्तग्राभस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमभि सं*
> *वभूथ ॥८॥"*
>
> *-ऋग्वेद १०.१८.८*

यस विषयमा इदमित्थ यसै हो भन्न अहिलेलाई गाह्रो अवश्य छ । तर, यसबारे अध्ययन अनुसन्धान हुनु अत्यावश्यक छ । सत्यको यथार्थ स्वरुपको निदर्शन यसबाट मात्रै सम्भव हुने हुन्छ ।


**सन्दर्भ कृतिहरू:**

१. Sarat Chandra Das: Lhasa and Central Tibet, Mehara Offset Press, Dehli, 1988 A.D.

२. Giuseppe Tucci: Preliminary Report on Two Scientific Expenditions in Nepal, Roma Instituto Italiano Per il Medio Ed Estremo Oriente, 1956 A.D.

३. डा. जयशंकर मिश्र : प्राचीन भारतका सामाजिक इतिहास, बिहार हिन्दी ग्रन्थ अकादमी, पटना, १९८६ ई.

४. के.एम.कापडियाः भारतवर्षमें विवाह एवं परिवार, मोतीलाल बनारसी दास, १९७७

५. अथर्ववेद (८), सार्वदेशिक आर्य प्रतिनिधि सभा, नई दिल्ली-१, २०३८ वि.सं.

६. अथर्ववेद (९-१०), सार्वदेशिक आर्य प्रतिनिधि सभा, नई दिल्ली-१, २०३८ वि.सं.

७. ऋग्वेद (५), सार्वदेशिक आर्य प्रतिनिधि सभा, नई दिल्ली-१, २०४० वि.सं.

८. क.मा.मुन्शीः बद्रीनाथकी ओर, भारतीय विद्याभवन, बम्बई, १९५९ ई.

९. महाभारत(प्रथमखण्ड),गीताप्रेस,गोरखपुर,२०४५वि.सं.

१०. D.C. Sircar : Select Inscriptions, Vol. I, University of Calcutta, 1965 A.D.

११. उपनिषत्संग्रह, मोतीलाल बनारसीदास पब्लिशर्स, दिल्ली, १९९६ ई.

# ‘च्यारिटेवल सोसाइटी नावालख पाल्ने अड्डा’: लोक कल्याणको एउटा नमूना

- डा. भवेश्वर पंगेनी

## परिचय

सभ्यताको आरम्भदेखि धार्मिक संस्थाहरूले शिक्षा, स्वास्थ्यलगायत क्षेत्र सञ्चालन गरेको पाइन्छ। शिक्षा प्रदान गर्ने क्रममा विद्यार्थीलाई धार्मिक संस्थामा नै बस्ने, खाने व्यवस्था गर्नुका अतिरिक्त विभिन्न किसिमका सुविधाहरू पनि दिइन्थे । बौद्ध गुम्बा-बिहार, मदरसा, गिर्जाघर आदि यसका उदाहरण हुन् जहाँ वर्तमानमा पनि मानिसलाई शिक्षा दिइँदै आएको पाइन्छ ।

जहाँसम्म हिन्दू धर्म तथा नेपालको सन्दर्भ छ, प्राचीनकालदेखि नै गुरुकुल, विद्वानहरूको आश्रम, विभिन्न धार्मिक पाटीपौवालगायतमा शिक्षा दिइएको देखिन्छ । त्यतिमात्र नभएर धार्मिक संस्था तथा क्रियाकलाप सञ्चालनका लागि ‘गुठी’ को व्यवस्था भएपछि कतिपय गुठीहरू पनि शैक्षिक क्रियाकलापसमेतमा संलग्न हुने गर्दथे। गुठीहरूले आ-आफ्नै धार्मिक संस्था अर्थात पाटीपौवासमेतमा विद्यार्थीहरूलाई शिक्षा दिने गरेको पाइन्छ। त्यतिमात्र नभएर वर्तमान समेतमा यस्ता गुठीबाट हुने आम्दानी शिक्षाका लागि खर्च गरिंदै आएका थुप्रै उदाहरणहरू छन् । त्यस्तै राणाकालमा महारोगी अर्थात कुष्टरोगीहरूको खाने-बस्ने व्यवस्था, नाबालक बाल-बालिकालाई पाल्ने व्यवस्था आदि जस्ता लोकहितकारी/जनकल्याणकारी कार्यसमेत भएका पाइन्छन् । प्रस्तुत लेखमा राणाकालको उत्तरार्द्ध अर्थात खासगरी प्रधानमन्त्री चन्द्रशमसेरको समयमा सञ्चालनमा रहेका केही जनकल्याणकारी कार्यका बारेमा सामान्य जानकारी दिँदै नेपालको प्रशासनिक इतिहासमा सामान्यतया उल्लेख नपाइने ‘च्यारिटेवल सोसाइटी नावालख पाल्ने अड्डा’ का बारेमा संक्षिप्त जानकारी दिने प्रयास गरिएको छ ।

## रिडी सदावर्त अड्डा

राणाकालको उत्तरार्द्धमा पाल्पा जिल्लाको उत्तरी सीमानामा पर्ने रुरु अर्थात ‘रिडी’ क्षेत्रमा २७ जना ब्राह्मण विद्यार्थीलाई भोजन गराई पढाएको प्रसङ्ग एउटा लिखतमा परेको पाइएको छ । मध्यकालदेखि नै राज्यले परम्परागत शिक्षा दिँदै आएको सन्दर्भमा यो प्रसङ्ग नयाँ नभई एउटा उदाहरण मात्र हो । यसै सन्दर्भमा वि.सं. १९७२ साल चैत्र महिनामा पाल्पा तोसाखानाका हाकिम् कारिन्दाका नाममा लेखिएको एउटा पत्रमा यसप्रकार उल्लेख छ;[१]

> *“...श्री ५ सर्कारतर्फको व्राह्मराा वीद्यार्थी जना २७ लाई रोजको २ छाक भोजन गराई. पढाउने काम्. लाई गरीवक्सेका दरवंदीमा ठेकीयाका वाट ७२ साल्. भाद्र १६ गतेतक् वर्ष १ लाई नपुग मोरु ६३८।८३।३ साल् ७२ लाई जीम्मावारी आउनेवाट ली काम्. चलाउने. सनड (द?) वमोजीम्. जीम्मावारी ल्याई. सो र मौजदात् दर्सन भेट् सलामी आम्दानी. वाट स्मेत्. षर्च गरी मोरु ३८।१३।३ मात्र वाकी भयाको व्राह्मराा २७ मध्ये जवां १ भगुवा भै जवां २६ लाई दर्वदीं वमोजीम्. पोसकलाई मोरु २८ चाहीने हुदा. सो वाकीले नपुग्ने मोरु ३९।८६।३ सो ७२ साल्का जीम्मावारी आउनेवाट दीनु लीनु भंने. सडर गरी पाउ भंने रीडी सदावर्त अडाले चढायाको रपोट.मा येस मुड्डा (मुद्दा?) मा ७१ साल भाद्र १७*

*गतेदेषी ७२ साल् भाद्र १६ गते तक् वर्ष १ लाई ठेकीयाका ज्मावाट नपुग्ने भै थप चाहीने ६३८।८३।३ को. नीकासा मागेवमोजीं जींमावारी दीनुलीनु भंन्या ७२ साल्. आषाड २४।५ मा सडरस्मेत् भै थप नीकासा पाईसकेको येसै रपोट्मा गासेका मीसील्वाटै देषीनाले ..."*

यस पत्रबाट राजधानी भन्दा टाढा मोफसलसमेतका ब्राह्मण विद्यार्थीलाई राज्यले खाना तथा पोसाकसमेत दिएर शिक्षा दिने गरेको देखिन्छ । यो खर्चका लागि सरकारले निर्धारण गरेको रकमबाट नपुग भएमा दर्सनभेट्, सलामी जस्ता राज्यले कर्मचारीसमेतबाट उठाउने रकम खर्च गरिएको पाइन्छ । त्यस्तै यो कार्य सम्पादनका सिलसिलामा आवश्यक व्यवस्थाका लागि छुट्टै अड्डा अर्थात 'रीडी सदावर्त अड्डा' समेतको स्थापना गरिएको थियो ।

त्यतिमात्र नभएर उल्लिखित पत्रमा सरकारका विभिन्न निकायलाई आवश्यक पर्ने सामग्री खरिद गर्नका लागि बनाइएको नियमका बारेमा पनि उल्लेख गरिएको छ । यस प्रसङ्गमा १ वर्षलाई आवश्यक पर्ने खाद्यान्न निर्धारित दरमा एकै पटक खरिद गर्नु पर्ने देखिन्छ । खासगरी रिडी क्षेत्रमा तत्कालीन श्री ५ सरकारतर्फबाट सञ्चालनमा रहेको सम्भवतः पाठशालामा अध्ययन गर्ने २६ जना ब्राह्मण विद्यार्थीका लागि आवश्यक पर्ने खाद्यान्न तथा कपडा खरिद गर्ने विषयमा वि.सं. १९५९ साल जेष्ठ सुदि ५ रोज ४ का दिन पाल्पा गौंडाका तैनाथवाला पश्चिमतर्फका गभर्नर जनरल खड्गशमसेर (?) का रोहवरमा एउटा सवाल तयार भएको उल्लेख पाइन्छ। सोही सवालको ९ दफामा आवश्यक खाद्यान्नलगायत खरिद गर्नका लागि प्रत्येक वर्षको वैशाख, भाद्र तथा माघ गरी तीन पटक बजारको दर भाउ बुझ्नु पर्ने भन्ने उल्लेख गरिएको भन्ने देखिन्छ । सरकारले निर्धारण गरेको भन्दा बजार भाउ फरक पर्‍यो भने सम्बन्धित बजारका महाजन-व्यापारीद्वारा सो सन्दर्भ उल्लेख गरी मुचुल्का गराउनु पर्दथ्यो । यस किसिमबाट तयार गराई पेश गरिएको मुचुल्कालाई सम्बन्धित निकायबाट स्वीकृती प्राप्त भएपछि मात्र निर्धारित सामग्री खरिद गर्ने अख्तियारी मिल्दथ्यो । जहाँसम्म २६ जना विद्यार्थीको सन्दर्भ छ, तिनलाई आवश्यक पर्ने सामग्री खरिदका लागि पहिले अर्थात १९५९ सालमा पाल्पा गौंडाका तैनाथवाला पश्चिमतर्फका गभर्नरले स्वीकृति दिएको पनि देखिन्छ । यसबाट निजलाई आवश्यक पर्ने विषयमा आफ्नो प्रशासनिक क्षेत्रमा उक्त अधिकार भएको तथा प्रयोगसमेत गरेको देखिन्छ ।

पत्रमा प्रत्येक विद्यार्थीलाई १ वर्षका लागि आवश्यक पर्ने कपडाका लागि मोरू. ३/- छुट्याईएको थियो । यो हिसाबले २६ जना विद्यार्थीका लागि वर्ष दिनका लागि कपडा खरिद गर्न रू. ७८/- चाहिने देखिन्छ । यो रकमबाट के कस्ता तथा कति कपडा पाइन्थ्यो ? भन्ने कुरा भने स्पष्ट छैन । जेहोस् आज भन्दा एक शताब्दि अगाडि अर्थात ९५ वर्ष अगाडिको खाद्यान्नको बजार भाउ पनि यो सामग्रीबाट बुझ्न मिल्दछ । यसै सन्दर्भमा उक्त पत्रमा बजार भाउ यसप्रकार दिइएको छ;[२]

*"...सो सनड (द?) को नीकासा नआउदै जीन्सीको दर भाउ.ष (घ?) ट्न गै अघी दर भाउ षोली जाहेर भयाको दरमा जीन्सी षरीद. हुन नसकेकोले. दरवंदी वमोजीं पोसाक दीनालाई नपुगेको भनी लेषेको हुनाले वुझ्दा अघी सो आषाड २४ गतेका. सनड (द?) को नीकासालाई. जाहेर गर्दा जीन्सी मौजदात्. स्मेत् षोली. नपुगेको जीन्सीको चावल् मोरु १ को ।२ मास रु १ को ।२।२ नुन् । १ घ्यू धार्नी १ के रु २।१३ का ड (द?) र्ले समेत् चाहीने अंनाजी नीकासा भयाको.मा हाल्. चावल मोरु १ के ।२ पाथी देषी ।१।५ सम्म मासा (स?).२ नुन्. ।.।७ घ्यू. धार्नी १ के २।१३ देषी २।५० स्म. तेलके मोरु. १ के १॥ कुर्वादेषी १ संमका दरले षरीड (द?) भयाका देषीयाको सो कीसीम्. कीसींका दरले षरीड (द?) गर्ने पाउने. नपाउने. के रहेछ भनी वुझ्दा जीन्सी षरीद गर्नालाई वर्षदींलाई. चाहीने पेस्की वंदोवस्त गर्दा पेसकी दीनु पर्ने र पेस्की लीयाकाले वषट् (त?) वषट् (त?)मा. जिन्सी पुऱ्याई नदीया षतदा षानजा केही वेहोराले पेस्की उपर नभया नोक्सान पर्ने हुनाले वजारीया माहाजंको मुचुल्का गराई षरीड (द?) गर्ने ५९ साल् का सवालको रीत पुऱ्याई.षरीद गर्नु भंने स्मेत् मुडा (द्द?) को ६९ साल कार्तीक*

*२८ गते ३ मा हुकुम् मर्जी लगायेत् तोक् सदर भयाको र सो ५९ साल् जेष्ट सुदी ५ रोज ४ का श्री पश्चीमतर्फका गभरनर वाट गरीवक्स्याका सवाल्. को ९ दफामा माघ वैसाष भाद्र मैन्हामा वजारको दर भाउ वुझी साछी राषी माहाजं वेपारीका मुचु (ल?) का गराई. जाहेर गरी सड (द?) र भयाका दरमा नवढाई. साछी राषी षरीड (द?) गर्नु सो हद हदमा सदर भयाका दरमा षरीद हुन नसके सोही वषट् (त?) माहाजंको मुचुल्का गराई जाहेरी गरी सदर भयाका दरमा षरीद गर्नु..."*

आर्थिक विषयको निर्णय कार्यान्वयनका लागि सम्बन्धित जिल्ला तहको अड्डा तथा सम्बन्धित अड्डाका हाकिमलाई जिम्मेवारी दिने प्रचलन भएको देखिन्छ। माथि उल्लिखित सन्दर्भमा पनि 'जिम्मेवारी दिनका लागि' पाल्पा जिल्लाको तोसाखाना' तथा 'जिम्मेवारी लिई सवाल/सनद/दर बन्दि बमोजिम कार्य सम्पादन गर्नका लागि' रिडी सदावर्त अड्डाका नामामा समेत सनद गर्नु पर्ने व्यवस्था थियो। यस पत्रानुसार आवश्यक खर्चका सम्बन्धमा रिडी सदावर्त अड्डाको माग एवम् पाल्पा तोसाखानाको सिफारिसलाई मुलुकी अड्डाले आवश्यक कार्यार्थ गुठी बन्दोबस्त अड्डाका हाकिम समक्ष र सो अड्डाले श्री ५ समक्ष सिफारिस गरेको देखिन्छ। यी पत्र एवम् सिफारिसका आधारमा अन्त्यमा श्री ५ बाट 'सिफारिस बमोजिम काम गर्न' का लागि यसप्रकार निर्देशन दिइएको थियो;[३]

*"...मुलुकी अडाले वोलेको तोक हुकुं मर्जिवाट ७२ साल पौष २९ गते ५ मा सड (द? र गरीवक्से मुटा (ता?) वीक् सो ७१ साल् भाद्र १३ गतेदेषी ७२ साल भाद्र १६ गते तक वर्ष १ लाई नपुग्ने भयाको मोरु ३९।७६ उनंचालीस रुपैंञा छ्याहत्तर पैसा ७२ सालको जीमावारी जाने मध्येवाट जीम्मावारी दीनु. ७२ साललाई सनड (द?) वमोजीं जीमावारी जानेमा ७१ साललाई नपुगी ७२ सालको जीम्मावारी आउनेवाट.अघी जीमावारी दीयाको र. अव माथीलेषीया वमोजीं जानेस्मेत् कट्टा गरीवक्सनु पर्ने ठहराऱ्यूँ जो मर्जी हुकुं भनी श्री ५ सर्कार तर्फ गुठी वंदोवस्त अडाका हाकीं ना: सुवा भवतला (?) मुषीया रेवंतमान्सींहरुले हाम्रा हजुर्मा वीतीपार्दा जाहेर भयो तसर्थ सो थ (ठ?) हरायाकोमा हामीवाट सदर गरीवक्सेको छ सो माथी लेषीया वमोजीं गर्ने काम् गर..."*

**पोखरामा रहेका महारोगीको भरण-पोषण**

शिक्षा क्षेत्रमा मात्रै नभएर राज्यले विभिन्न कारणबाट असहाय भएका व्यक्तिलाई उद्धार गर्ने गरेको पनि पाइन्छ। यसै सन्दर्भमा वि.सं. १९७२ सालमा पोखरामा रहेका महारोगी (कुष्टरोगी ?) को उद्धारका लागि निर्देशन दिइएको एउटा सामग्री फेला परेको छ। यसबाट उनीहरूका लागि आवश्यक खर्च तथा सो कार्यको व्यवस्थापन पनि सरकारबाट नै भएको देखिन्छ। यसै सन्दर्भमा सो पत्रमा यसप्रकार उल्लेख गरिएको पाइन्छ'[४]

*"...पोषरामा रहेका माहारोगीहरुलाई दर वंदी वमोजीम् सिधा लुगा दीनालाई र काम्दार कारिन्दा षर्च स्मेत् के ७१ साल् पौष १ गतेदेखि ७२ साल् मार्ग मसांत तक् वर्ष १ के ज्मा रु ४५६२।१० चाहीने मध्ये सावीक वाकी २०७।४५ कटी गरीयाको मोरु ४३५४।६५ जीम्मावारी सोधभर्ना गर्नु पर्ने गरि सवाल् सनद दर वंदी वमोजिम् मा दी षुवाउने ठहराई जाहेर गऱ्याको पोषरा तहसील् अडाको रीपोट्मा यस्मा रीपोट् साथ आयाको सनद सवालका नकल्स्मेत हेरी वुझेमा रपोट्का तपसील्मा कटेका २ ठाउमा छाप छुटेको सो केरेकाले मतलव फरक नपर्न दोभरा अक्षर कर्नै पर्ने केरेको छाप् लीउन फीर्ता गरुं भने षर्चको नीकासा ढील हुन जाने हुनाले सो २ ठाउ केरेमा छाप छुटेमा पनी फीर्ता नगरी यस अडाका हाकींको छाप् लगाई जाहेर गरेको छु. सो पोषराले जाहेर*

*गऱ्याका रीपोट्वमोजीम् पोषरामा रहेका महांरोगीहरुलाई डरवंदी वमोजीं षुवाउनु नै पर्ने मुनासीव देषीनाले हाल यस रीपोट्मा लेषीया वमोजींको ७१ साल पौष १ गते देषि ७२ साल माग मसान्त तक वर्ष १ के दीन् ३६५ के चाहीने ज्मा मोहरु ४५६२।१० भन्या लेषीयाको हुडा सो लेषीयाका दर्ले जीनसीको नगदी दर्दाम् जाची हेर्डा दाल् मुरी २९।१२।१ के दर ।३ ले रु १९७।३७।२ मात्र आउनेमा रु १९७।७० भंन्या रीपोट् मा लेषीयाकाले रु ।३२।२ वढी लेषियाको देषीया पनी जना १ के रोज्को २ मुठीले मुरी २९।१३।६ चाहिनेमा मुरी २९।१२।१ मात्र लेषीयाकाले जीन्सीमा १ पाथी घटी हुडा दर्दाम् फरक पर्न आयाको चाहीने मुरी २९।१३।१ को दर ।३ ले रु १९७।७० ले पर्ने भै नगदी ज्मामा वढी नपरेको हुडा सो रपोट्मा लेषीया वमोजीम् चाहीने ज्मा मोहरु ४५६२।५० मध्ये अघील्ला सालको वाकी मोरु २०७।४५ कट्टी गरी वाकी नपुगेको मोरु ४३५४।६५ त्रीचालीस् सये चउंन पैसट्ठी पैसा नीकासा दीनु पर्ने हुनाले सो पोषरा महारोगीहरुलाई सीधा लुगास्मेत् षर्च वीसयेमा गुठीका आम्दानीमध्ये मुल्कीषानावाट जीम्मावारी ली पोषरा तहसील्का हाकीं जीम्मा जीम्मावारी दीनु..."*

वि.सं. १९७२ सालमा पोखरामा रहेका कुष्टरोगीहरूलाई खाना तथा कपडाको व्यवस्थाका सन्दर्भमा यो पत्र लेखिएको थियो । यहाँ रहेका महारोगीलाई एक वर्ष अर्थात ३६५ दिनका लागि आवश्यक पर्ने खर्च रकम रू. ४५६२।१० वा ४५६२।५० जति भए तापनि यो रकमबाट कति जनालाई राखिएको थियो भन्ने कुरा स्पष्ट हुँदैन । यद्यपि यहाँ रहेका महारोगीहरूलाई दिइने दालको इकाई उल्लेख गरिएकाले उनीहरूको संख्या अडकल गर्न भने सकिन्छ ।

यसै सन्दर्भमा प्रति व्यक्तिका लागि दैनिक २ मुठीका दरबाट एक वर्षका लागि आवश्यक पर्ने दाल ९ पाथी १ माना अर्थात जम्मा ७३ माना हुन आउँछ । माथी पोखरामा रहेका महारोगीहरूलाई वर्ष दिनका लागि आवश्यक पर्ने दालको इकाई २९ मुरी १३ पाथी १ माना उल्लेख छ । यो इकाईलाई मानामा रूपान्तरण गर्दा (२९ मुरी x २० पाथी =५८० + १३ पाथी =५९३ पाथी x ८ (माना)=४७४४ + १ माना = जम्मा ४७४५ माना) ४,७४५ माना हुन आउँछ । एक जनालाई वर्षमा जम्मा ७३ माना आवश्यक पर्ने देखिएकाले उल्लिखित दाल २९ मुरी १३ पाथी १ माना अर्थात ४,७४५ मानाले (४७४५ ÷ ७३ =६५) जम्मा ६५ जनालाई एक वर्षका लागि दाल पुग्ने देखिन्छ । यस हिसाबबाट वि.सं. १९७२ सालमा पोखरामा जम्मा ६५ जना महारोगीलाई सरकारले खाद्यान्न तथा कपडासमेतको व्यवस्था गरी स्थापना गरेको देखिन्छ । उनीहरूलाई वर्ष दिनका लागि आवश्यक पर्ने खाद्यान्न तथा कपडाका लागि रू. ४,५६३/- जति चाहिने र वि.सं. १९७२ सालका लागि सो रकम गुठीको आम्दानीबाट खर्च गर्ने अख्तियारी पोखरा तहसिल अड्डाका हाकिमलाई दिइएको थियो। तहसिल अड्डाका हाकिमले पनि सो रकम मुलुकिखानाबाट जिम्मावारी लिनु पर्ने व्यवस्था गरिएको थियो ।[४] रिडीमा रहेका विद्यार्थीलाई उपलब्ध गराइएको कपडासँग तुलना गर्ने हो भने त्यहाँ वार्षिक रूपमा प्रति विद्याथी रू. ३/- कपडाका लागि छुट्याइएको थियो । पोखरामा ६५ जना महारोगी रहेको तथा तिनलाई विद्यार्थीलाई जस्तै प्रति व्यक्ति वार्षिक रू. ३/- दिएका खण्डमा कपडामा मात्र वार्षिक रू. (६५ x ३ =१९५) रू. १९५/- खर्च हुने देखिन्छ । यो हिसाबका आधारमा उनीहरूको वार्षिक सम्पूर्ण खर्चका लागि छुट्याइएको रू. ४५६३/- मध्ये रू. ४३६८/- खाद्यान्नका लागि भएको हुनु पर्दछ ।

जुन कार्यका लागि जति रकम छुट्याइएको भए तापनि समग्रमा असहाय रोगीको उद्धारका लागि पोखरामा राज्यबाट भएको यो कार्यलाई उपलब्धिमूलक मान्नु पर्दछ ।

**च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डा**

नेपालको प्रशासनिक एवम् सामाजिक इतिहासमा 'च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डा' नामको अड्डाको चर्चा पाइँदैन भने पनि हुन्छ । त्यसैकारण प्रधानमन्त्री चन्द्रशमसेरको समय वि.सं. १९७६ मा लेखिएको एउटा सवालमा यो अड्डाको नाम परेको पाइन्छ । सामान्यतया प्रकाशमा नआएको यो च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डाका बारेमा सामान्य जानकारी पाइने भएकाले यहाँ एउटा सवालका आधारमा यसबारेमा प्रकाश पार्ने चेष्टा

गरिएको छ । दरबन्दि सम्बन्धी एउटा मात्र पुर्जी प्राप्त भएकाले यो अड्डाका बारेमा बिस्तृत जानकारी पाउन नसकिने भएता पनि यसबाट यो अड्डा तथा त्यसको सामान्य कार्यका बारेमा सामान्य जानकारी लिन मद्दत मिल्ने विश्वास लिइएको छ ।

माथिका दुई उप-शीर्षक जस्तै यो च्यारि टेवल सोसाइटी नावालष पाल्ने अड्डा पनि लोक कल्याणकारी/लोक हितकारी कार्यका निम्ति स्थापना गरि एको देखिन्छ । कौसितोसाखानाका हाकिम-कारिन्दाका नाममा लेखिएको यो पुर्जीबाट राज्यले सम्भवतः राजधानी काठमाडौंमा नावालकहरू पाल्ने गरेको र सो प्रयोजनार्थ एउटा छुट्टै अड्डा समेतको स्थापना गरेको पाइन्छ । सरकारले वि.सं. १९७६ साल भाद्र २२ गतेसम्म १२ जना मर्दना तथा १२ जना जनाना बालक गरी जम्मा २४ जना बाल-बालिकालाई पाल्ने गरेको देखिन्छ। उनीहरूको स्याहार सुसारका लागि टहलुवा, सुसारेलगायत ब्राह्मण र ब्राह्मणी २ जना भान्सेसमेत जम्मा ६ जनालाई सो कार्यका लागि तैनाथ गरिएको थियो ।

वि.सं. १९७६ साल भाद्र २३ गतेको एउटा सनद अनुसार बाल-बालिकाको संख्या दोब्बर अर्थात बालक २४ र बालिका २४ पुऱ्याइएको थियो । त्यसैगरी सुसारे पनि ६ जना थप गरियो । अब सो अड्डा अन्तर्गत बाल-बालिका ४८ जना तथा सुसारे १२ जना समेत जम्मा ६० जना पुग्न गएको थियो । उनीहरूलाई खाना बनाउने भान्सेको संख्या भने पहिले जस्तै ब्राह्मण-ब्राह्मणी १/१ जना नै थिए । उनीहरू २ जनाले मात्र ६० जनालाई खाना बनाएर खुवाउन नसक्ने भएकाले सो संख्यामा ब्राह्मण १ र ब्राह्मणी १ जम्मा २ जना थप्नका लागि सो अड्डाबाट सम्बन्धित निकायमा अनुरोध गरिएको देखिन्छ । उक्त अनुरोधमा देहायका कारणबाट भात पकाउन नसकी बाल-बालिका भोकै पर्न सक्ने सम्भावनातर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गरिएको थियो;

१. भान्से ब्राह्मण-ब्राह्मणीलाई कुनै पनि बखत भवितव्य पर्नसक्ने,
२. विवाह, ब्रतवन्ध आदि परी आ-आफ्नो घर जानु पर्ने,
३. ब्राह्मण भान्से मलामी, काज क्रियाकर्मलगायतका काम परी जानु पर्ने र
४. ब्राह्मणी भान्से प्रत्येक महिना रजस्वला भई भात पकाउन-खुवाउन नसक्ने ।

यस्तो अवश्थामा थप २ जना भान्सेको माग यसप्रकार गरिएको थियो;[६]

> *"...७६ साल् भाद्र २३ गतेका सनदले वालष ज्वान् २४ सुसारे जवान् ६ ज्माजवान् ३० भै भांसे तहलुवामात्र थप नभै छुट्न गयाकोले सो थपस्मेत् ज्माजवान् ४८ सुसारे जवान् १२ स्मेत् ज्माजवान् ६० षुवाउनु भंन्यामा हाल् वालष जवान् ४८ सुसारे जवान् १० ज्मा जवान् ५८ लाई भांसे तहलुवा २ ले कांनचल्ने जनानातर्फ ब्राह्मरा १ र जनानीतर्फ ब्राह्मरिा १ स्मेत् जवान् २ के दरज्वान् १ के मैन्हा १ को मोहरु ६। ले १४४। टहलुवा जवान् २ के दर जवान् १ के मोरु ४ ले ९६। भांसे टहलुवा ४ के मोहरु २४०। दुईसये चालीस् रुपैञा थप वक्से काम् चल्दो हो भनि यस अडावाट जाहेर गरेकोमा यस्मा ७० साल चैत्र २९ गतेका सवाल्का २ दफामा मर्दना १२ जनाना १२ ज्मा २४ रहेर वीचार गर्ने सुसारे जवान् ६ स्मेत् ज्मा जवान् ३० मा नवढाई भात षुवाउनालाई मर्दनातर्फ व्रह्मरा र जनानातर्फ ब्राह्मराीले भात पकाई षुवाउनु भंन्या लेषीयाको हुनाले सो वमोजीम् भांसे २ तहलुवा २ राषी काम चलाउदा सो भांसे टहलुवाको घरको संधीसर्पन्. पर्दामा १ दीं वीडा दीनलाई. पनि. मुस्कील् भयाकोर सो वालष सुसारेमा पनि थप यो ७६ साल् भाद्र २३ गतवेका सनदले वालष जवान् २४ सुसारे जवान् ६ ज्मा जवान् ३० थपभै भान्से टहलुवामात्र थप नभै छुट्न गयाकोले सो थपस्मेत् ज्मा जवां ४८ सुसारे १२ स्मेत् ज्मा जवां ६० षुवाउनु भंन्यामा हाल वालष जवान् ४८ सुसारे जवान् १० ज्मा जवां ५८ लाई भांसे २ तहलुवा २ ले कां नचल्ने जनानातर्फ मैन्हाको ४ दिं रजस्वला हुदा ४ दिं काम नचल्ने १ जवान् भांसेले टायेंमा भातैषान षुवार्उन नसकने मर्दनातर्फ ब्राह्मरा ब्राह्मरा १ र जनाना ब्राह्मराी १ स्मेत*

*जवान् २ के दर जवान् १ के मैन्हा १ को मोरु ६। ले १४४ टहलुवा जवान् २ के दर जवान् १ के रु ४ ले ९६। भांसे तहलुवा ४ के मोहरु २४०। दुईसये चालीस् थप वक्से कां चल्दोहो भनि लेषीयाको रपोट् को मुद्दारहेछ येस्मा अघी नावालष जवान् जवान् २४ लाई र सुसारे जवान् ६ स्मेत् ३० जवान्लाई भात पकाउनाके भांसे जनाना १ मर्दना १ र टहलुवा २ दरीयाको हुनाले र सो वमोजीं काम चली आयाको हुनाले भन्या थपवक्सनु पर्छ भनि वींती चढाउनालाई मुनासीव पर्दैनथ्यो नावालष वरावर आयाको हुनाले फेरी नावालष २४ सुसारे ६ थप भै भर्नागरी षुवाउनु भंन्या ७६ साल् भाद्र २३ गतेमा सनदभै सोस्मेत् भर्ना भयाको भान्से तहलुवा थप नभयाकोले कां नचलने भै थप मागेको मुनासीवै नै देषीनाले र उस्मा पनि सवाल्मा जनानाको र मर्दनाको वेगलै भान्सेगरी षुवार्उनु भनि लेषीयामा जनाना नछुने हुने भै मैन्हाको ४ दीं पकाउनै नहुने भै र वीडा वेराम हुदा पनि अडकने भै दरीयाकाले काम् नचल्ने देषीनाले दरवंदी थप भयाको वालष पनि भर्ना भैसकेको वुझीनाले भांसे टहलुवा थप नदीया काम् नचल्नेहुदा सवाल्वमोजीम् जनाना मर्दनाको छुट्टाछुट्टै. भांसेगरी षुवाउनालाई सावीक्मा दरीयाका भांसे टहलुवाहरुलाई दरीया वमोजीम् मैन्हाको मोल् ६। का दर्ले षाने भांसे जनाना १ मर्दाना १ र मैन्हाको मोल् ४ का दरले षाने टहलुवा जवान् १ के दर वर्ष १ को ४८ ले २ के ९६। रुपैञा भान्से जवान् २ के दर वर्ष १ को ७२ ले मोरु १४४ ज्मा भान्से टहलुवा जवान् ४ के मोरु २४० दुईसयेचालीस् थप वक्सेकोछ यो थप भयाका भान्से २ टहलुवा २ ज्माज्वान् ४ के सावीक् भर्ना भैरहेका भान्से टहलुवाले षाईपाई आयावमोजीम् अैन्सवाल्को रीत पुऱ्याई भर्ना गरीदीनु भंन्या कम्यादरी कीताप् षानाको नार्उमा र अैन सवाल् वमोजीम् पकायाको तलव कौसीतोसाषानावाट ल्याई षुवाई कांचलाउनु भंन्या च्यारीटेवल् सोसाईटि नावालष पाल्ने अडाका नार्उमा र सो वमोजीम् मैन्हा मैन्हामा अैन्सवाल्को रीत पुऱ्याई तलवदीनु भंन्या कौसीतोसाषानाका नाउमास्मेत् चाहीने वेहोराको सनदगरी दीनु भनि यो तोक सदर गरीवक्से ठीक पर्ने ठहराञ्यू जो मर्जी हुकुं भनी च्यारीतेवल् सोसाईटिवाट वोलेको..."*

माथिको अनुरोध व्यवहारिक देखिएकाले सरकार ले उक्त मागबमोजिम निर्धारित तलव सुविधा पाउने गरी यसप्रकार दुई जना भान्से नियुक्तीको पुर्जि जारी गरेको थियो;[७]

*"...जनाना मर्दना छुट्टाछुट्टै भयेको जनाना नछुने भयो वा मर्दनाको पनि भवीतवेले कृया मलामी वीवाह व्रतवंध ईत्यादी परी भातपकार्उन नसकेमा अर्को भान्से नभयेकोले तेस्तो परेमा नावालष सुसारेस्मेत्ले भाटै षान नपाउने र टहलुवाका हक्मा पनि लेषीया वमोजीम् सावीक् भंदा दोवर मानिस् रहने सनदभै जवान् ५८ भर्ना भैसकेकोले सावीक् को २ जना तहलुवावाट सवै काम् चलार्उन नसकी काम् अडकाउ हुन जाने संभव परेकोले मागेवमोजींको भान्से टहलुवास्मेत् थप दीने ठीक पर्ने भंन्ये सोसाईतिको तोक् भयाको र तेस्तो धर्म सदावर्तको काम्मा चाहीने मानिस् भर्ना नराषी काम अडकार्उ गर ाराषनु पनि मुनासीव नपरेको हुनालेस्मेत् जाहेर गरेका छौ सो नावालष पाल्नेतर्फलाई सावीक् भांन्से टहलुवासह्र जनाना १ मर्दना १ स्मेत् व्राह्मरिाा र व्राह्मरास्मेत् भान्से २ के द्र वर्ष १को मोरु ७२। ले मोरु १४४ टहलुवा २ के द्र ४८। लेरु ९६। स्मेत् ज्मा जवान् ४ चारके मोरु २४०। दुईसये चालीस् रुपैञा थप वक्सेकोछ सो जवान्हरु*

नवढाई भात षुवाउनालाई मर्दनातर्फ व्रह्मराा र जनानातर्फ व्राह्मराीले भात पकाई षुवाउनु भंन्या लेषीयाको हुनाले सो वमोजीम् भांसे २ त (ट?) हलुवा २ राषी काम चलाउदा सो भांसे टहलुवाको घरको संधीसर्पन्. पर्दामा १ दीं वीडा (दा?) दीनलाई. पनि. मुस्कील् भयाकोर सो वालष सुसारेमा पनि थप यो ७६ साल् भाद्र २३ गतेका सनदले वालष जवान् २४ सुसारे जवान् ६ ज्मा जवान् ३० थप भै भान्से टहलुवामात्र थप नभै छुट्न गयाको ..." उल्लेख भएकाले वि.सं. १९७० सालमा यो अड्डाको स्थापना भई सकेको र यसले बाल-बालिकालाई पाल्ने कार्य गरिसकेको देखिन्छ । यति हुँदाहुँदै पनि यो अड्डाका बारेमा माथि उल्लिखित जानकारी लिनका लागि अझ अनुसन्धान गर्नु पर्ने हुन्छ ।

## उपसंहार

राणाशासनको उत्तरार्द्धसम्म आउँदा सरकारका तर्फबाट विभिन्न लोकहितकारी/जनकल्याणकारी कार्य भएको पाइन्छ । यसै सन्दर्भमा सरकारले पोखरामा ६५ जना महारोगीलाई खाने तथा लाउने व्यवस्था गरेको थियो । यहाँ जस्तै मुलुकका अन्य क्षेत्रमा पनि यस्तो व्यवस्था मिलाएको हुन सक्दछ । वर्तमानसमेतमा मुलुकका कतिपय क्षेत्रमा महारोगीलाई गाउँबाट नै निस्काशन गरिएको सन्दर्भमा आजभन्दा एक शताब्दिजति पहिलेको समाजबाट निकै तिरस्कृत उनीहरूलाई सरकारबाट भरणपोषण हुनु ज्यादै अनुकरणीय कार्य मानिन्छ । जहाँसम्म ब्राह्मण विद्यार्थीलाई राज्यबाट पढाउने व्यवस्थाको सन्दर्भ छ, विभिन्न धार्मिक संस्था अर्थात 'गुठी' समेतको आम्दानीबाट शिक्षा दिने प्रचलन मध्यकालदेखि नै भएको देखिन्छ । यस किसिमको शिक्षाका लागि विभिन्न संस्था तथा व्यक्तिहरू लागेको पाइन्छ । 'रिडी सदावर्त अड्डा' बाट विद्यार्थीलाई खानपान र लत्ता कपडाको व्यवस्थापन हुनु सरकारका तर्फबाट शिक्षामा लगानी गरिएको एउटा दृष्टान्त मात्र हो ।

जहाँसम्म नाबालक बाल-बालिका पाल्ने उद्देश्यका साथ स्थापना गरिएको देखिने 'च्यारिटेवल सोसाइटी नावालष पाल्ने अड्डा' को सन्दर्भ छ, यो अड्डा तथा यसको कार्य नितान्त नौलो अर्थात प्रकाशमा आएको पाइँदैन । अड्डाको नाम 'charitable society' ले दान-दातव्य/सदावर्त गर्ने समुह भन्ने जनाउँछ । यति भए तापनि यस किसिमको समुह वा समाजको गठन कसले कहिले कुन उद्देश्यका लागि गरेको हो भन्ने कुरा भने स्पष्ट छैन । जुन हैसियतमा जसले स्थापना गरेको भए पनि यो अड्डाबाट बाल-बालिकालाई पाल्ने कार्य हुनु राणाशासन कालका उल्लेख्य सामाजिक कार्य मानिन्छ ।

समग्रमा राणाशासनकालका पछिल्ला दशकहरूमा देखापरेका माथि उल्लिखित लोककल्याणकारी कार्यहरू सह्रानीय नै हुन् । यति हुँदाहुँदै माथि भनिए जस्तै यस्ता कार्यका लागि स्थापना गरिएका अड्डा कहिलेदेखि स्थापना गरिए तथा तिनबाट को ? कस्ता ? कतिले सहयोग पाए ? भन्ने जस्ता कुरा बिस्तृत रूपमा प्रकाश पार्न सकेका खण्डमा ओझेलमा परेको राणाकालीन लोककल्याणकारी कार्य बारे यथार्थ जानकारी पाउन सकिन्थ्यो ।

## सन्दर्भ सामग्री


१ **श्री ५ को सकरकारतर्फ ब्राह्मण विद्यार्थी जना २७ लाई रोजको दुई छाक भोजन गराई पढाउने काम सम्बन्धमा पाल्पा तोसाखानाका हाकिम कारिन्दाका नाममा वि.सं. १९७२ साल चैत्र ५ गते रोज ६ मा लेखिएको जैसिकोठा पोका नं. १८५, सि.नं. १०१५ मा रहेको पत्र ।**

२ **ऐजन ।**

३ **ऐजन ।**

४ **पोखरामा रहेका महारोगीहरूलाई दरवन्दिवमोजिम सिधा, लुगा दिनालाई र कामदार कारिन्दा षर्चसमेतका बारेमा पोखरा तहसिल अड्डाका हाकिम कारिन्दाका नाममा वि.सं. १९७२ साल (आषाड २४ गते रोज ५ ?) मा लेखिएको जैसिकोठा पोका नं. १८५, सि.नं. १०१५ मा रहेको पत्र ।**

५ **ऐजन ।**

६ **च्यारिटेवल सोसाइटी नावालख पाल्ने अड्डाकाका म्यानेजर तथा कारिन्दाको अनुरोधअनुसार भान्से ब्राह्मण-ब्राह्मणी १/१ जना थप गर्नका लागि कौसितोसाखानाका हाकिम-कारिन्दाका नाममा वि.सं. १९७७ साल चैत्र ३० गते रोज २ मा भएको सवाल ।**

७ **ऐजन । बिस्तृत जानकारीका लागि यो सवाल परिशिष्टमा दिइएको छ ।**

## परिशिष्ट

'च्यारिटेवल सोसाइटी नावालख पाल्ने अड्डा' का म्यानेजर तथा कारिन्दाको अनुरोधअनुसार भान्से ब्राह्मण-ब्राह्मणी १/१ था टहलुवा जना २ थप गर्नका लागि कौसितोसाखानाका हाकिम-कारिन्दाका नाममा वि.सं. १९७७ साल चैत्र ३० गते रोज २ मा भएको सवाल

ॐ

कौसितोसाखानाका हाकीं कारिंदाहरू लेषनी हीं यस च्यारीटेवल सोसाईटी नावालष पाल्ने अड्डाका नाउँमा असाका महीना देषि भाम
र्दना वालष १२ ननाना वालष १२ जम्मा २४ रहेछ ती वालक [illegible] गर्ने सुसारे जवार ६ स्मेत जम्मा ३० मानपकाई भात खुवाउनालाई मर्दना तर्फ
ब्राह्मण र ननाना तर्फ ब्राह्मणी ले भात पकाउन लगाई ख्याउनु भन्याको देषियाको हुनाले सोवमोजीम भान्से २ टहलुवा २ राषी
कामचलाउदा सो भांसे टहलुवा कोषरकोसीधी सिर्पत्र पर्दामा १ दीं वीडादीनलाई पनि मुस्कील भयाकोर सो वालष मुसारेमा
थपपो ७८ साल भाद्र २३ गतेका सनदले वालष जवार २४ मुसारे जवार ६ जम्मा जवार ३० मै भासे टहलुवा मात्र थप नभै हुन्
नआयाकोले सो थपको र जम्मा जवार ४८ मुसारे जवार १२ स्मेत जम्मा जवार ६० खुवाउनु भन्या माहासर वालष जवार ४८ मु-
सारेजवार १० जम्मा जवार ५८ लाई भांसे टहलुवा रहेका निवत्ने ननाना तर्फ ब्राह्मण १ र ननाना तर्फ ब्राह्मणी १ ले
तजवार २ केदर जवार १ केमैको १ को मोहरू ५। ले १४४। टहलुवा जवार २ केदर जवार १ केमोरू ४ ले ९६। भासे टहलुवा
४ केमोहरू २४०। दुईसय चालीस रुपैञा थपमा हुने काम चल्दोरहेछ भनि यस अड्डावाट जाहेर गरेको भयाकामा ७० साल चैत्र २
गतेका सवाल दफा २ मा मर्दना १२ ननाना १२ जम्मा २४ रहेछ ती वालक गर्नेसुसारे जवार ६ स्मेत जम्मा जवार ३० मानपकाई भ
नखुवाउनालाई मर्दना तर्फ ब्राह्मण र ननाना तर्फ ब्राह्मणी ले भात पकाई खुवाउनु भन्याको देषियाको हुनाले सोवमो
जीम भांसे २ टहलुवा २ राषी कामचलाउदा सो भांसे टहलुवाको घरकोसीधी सिर्पत्र पर्दामा १ दीं वीडादीनला
ई पनि मुस्कील भयाकोर सो वालष मुसारेमा पनि थपपो ७८ साल भाद्र २३ गतेका सनदले वालष
जवार २४ मुसारे जवार ६ जम्मा जवार ३० थप भै भांसे टहलुवा मात्र थप नभै हुँदैन गयाकोले सो थपको र
जम्मा जवार ४८ मुसारे १२ स्मेत जम्मा जवार ६० खुवाउनु भन्या माहासल वालष जवार ४८ मुसारे जवार १० जम्मा
५८ लाई भांसे टहलुवा २ ले की नस्यल्ने ननाना तर्फ मैंकाको ४ दिर असल्ला हुन ४ दिई काम नचल्ने १ जवार भा
मेले थपेमा भानै षानषवाउन नसकने मर्दना तर्फ ब्राह्मण १ र ननाना ब्राह्मणी १ स्मेत जवार २ केडर जवार १ केमै
का १ को मोहरू ५। ले १४४ टहलुवा जवार २ केडर जवार १ केरू ४ ले ९६। भासे टहलुवा ४ के मोहरु २४०। दुई सय चाली

स्र थपवक्तेको न्वल्दोहो ग्रनि तेबी पाको रयोरको मुग्रारहरु मेस्मा भयी नाबालग जवार नशार २४ लाई र
मुसारे नशार ६ स्नेर ३० नशार लाई माग बक्सउनाके मासे जनाना १ मर्दना १२ दहनुवा २ दरीयाको हुनाले रसो
थमोगीकाम न्वली आमाको हुनाले भन्या थपवक्तउपर्छ मानि नीनी न्वडाउनालाई मुनासीव पर्दैन भ्पोनाष
नव बराबर भायाको हुनाले फेरी नाबालग २४ मुसारे ६ थपमै भर्नागरि बक्सउनु भैम्या ७६ साल भाद्र २३ गतेम
मनदमै सोस्नेर भर्ना भयाको मासे नहलुवा थपन भयाको ने कानन्वलने भै थपमागेको मुनासीव नै देखी
नाले र उस्मा पनि सवाल मा जनानाको र मर्दनाको थेगवैश्रा सेगरी बुवाउनु भाने लेषीयामा जनाना नहुने हुने भैमै
नाको ४ दीपकाउनै नहुने भैर बीडा पेराम हुउ पनि अडकने भै दरीयाकाले काम नचल्ने देखीनाले दरर्बदी थप
भयाको थासप पनि भर्ना भैसकेको छीनाले भांसे दहलुवा थपन दीयाका मनचल्ने हुदा सवाल थमोजीम भ
नाना मर्दनाको छुट्टाछुट्टै भांसे गरी बक्सउनालाई साबीक मा दरीयाका भांसे फलुवा दरवार दरीया थमोजीम भै
कोमोल ६। काल्टेयाने भांसे जनाना १ मर्दना १२ भैक्काको मोल ४ काफले पाने दहनुवा जवार १केदर वर्ष १को
४८ ना २के ९६। रुपैना भासेनवार २केदर वर्ष १को ७२ मोल ४४ मा भासे दहलुवा जवार ४के मोल २४०
दुईसपेन्यालीस थपवक्तेको छ भो थप भयाका भासे २ दहलुवा २ मा जवार ४ केसाबीक भर्नाभैरहेका भांसे
दहनुवा लेनाईपाई भाषा थमोजीम अंकसवालको रीत बमोजिम भर्नागरी दीनु भैन्या कम्पास्री फौजाप थापाको ना
उमार भैन सवाल बमोजीम पकायाको नवको ली तोसाखाना बाट स्पाई भुषर्फ न्वलाउउ भैन्या न्वारी देवल्ह सोसाई
दिनाबालव पालने अरहकानामा रसोय थमोजीम भैक्का भैक्का मजैसवाव कोरीमउस्माई ललावदी खुभैन्या कोसी
मोसाषाना कानाउमास्नेर वाहीने पेकोरा कोसनदगरी दीनुभनि पातोक मडरगरिवक्सेठीक फैरहराम्र जोमगी हुकुम
नी स्यारीनिपल्ह सोसाईलाई वाटबोलेकोमा पक्तानाबालग जनाना १२ मर्दना १२ स्नेर २४ सुसारे ६ म्माजवार
३० लाईरोजको २ छाकभात पकाई खुवाउनालाई ब्राह्मण जनाना १ मर्दना १ स्नेर भांसे २ दहलुवा २ वाल्मुल
कीदा साथका न्पती आपेकोमाछार ७६ साल भाद्र २३ गते कामनदमे नाबालग २४ सुसारे ६ स्नेर ३०
रसावीक फौजवार ३० म्मावजार ६० सम्म भर्ना हुने भै लामा नवार ५८ सम्म भर्ना भै सकेकाले मावीक को भांसे दहलुवा
वाल्याउन न सकेम हुदा भांसे २के १४ दहलुवा २के ९६ म्मा २४ जसोजवार ४ थपयाईम भिनाबालग पालन भ्र
नेमीहरूरेना भानसम्भ भर्ना भैरहेकै भांसे दहलुवा वाल्कीन्वली आयाको देखीनाले भंनेथप पाउउँन वंनुपर्नेनसो
देखीउनरमनाना मर्दना छुट्टाछुट्टै भयेको जनाना नहुने भरोवामुईनाको थानेको नयेते क्याक्सामीवीवाह सर्पपाई पाहीपरा

मानपकाउनेनसकेमा अर्कोमस्सेन थ्येकोलेनेसो पेमानाबालम मुसार स्मेत लेभाटै पाननपाउने टहलुवाहरुमकामने लेबीयाम्नीम्सारीक औदोपरमानिसरहुनेसद भैनशार ५८ जनीभैसकेकोलेसाधीकको २गाम टहलुवा पाएसैं काम चलाउनसकी कामआ पछुनजाने संभवपरेकोलेमागेमानी कोमासे टहलुवा स्मेत थपदीलेदीरुपने भने साथ ईनिकोलाहुमपाकोर नेलोमर्फलपालकोफाम मान्नाछोने मानिस भर्नागर्यो काम अडकाउगरीराखद्पाने सुनाम वनपेकोहुनाले स्मेत नाहेरगेकाठौलोमापालप पाल्नेगर्फबार्टनाबीक भान्से टहलुवासह जनाना १ मर्दाना १ स्मेत ब्रा ह्मणीर ब्राह्मण स्मेत भान्सेरके द्र वर्ष १ कोमोहर ७२ लेमोहर १४४ टहलुवा २के ५ ४० लेह ९६। स्मेत भाजशार ४० रकमोहर २४० हुई सय चालीसरुपैंआ थप पक्सेकोछ सोजशारकार औनसपालमोमीर गरीभर्नागरीसोनशार का ठीनाप स्तोग भांसार्ह कीनाप पानाद्ली फाइमान उभार नवपाउनालाई कोमीतोसाथ नाकाना उमा स्मेत वाहीने थेहाराकोसनद गरीदीभेलेर हराई भ्यारीटपरसोसाहीटे लेपालेकोमुनासीवठहराञ्या जो मर्गी हुकुमभने सुलुकी

अदारपाइहोआफाइ वाटयोलकोमा ७७ सालआम्बो २१ गते २ मायहानिसाना पाए सेडरभैआपाका हुनालेमपा सभैदा वढी थपतपछीरमालेथीयाका भान्सेजनाना १ मर्दाना १ स्मेत ज्मा २के द्र वर्ष १ को जशार १ के मोहर ७२ ले रु १४४। टहलुवा २ का द्रवर्ष १ कोजशार १ के रु ४० लेह ९६। स्मेत भान्सा टहलुवा जशार ४ के मोहर २४० दुईसय चालीसरुपैंआ थपपक्लेकाहुनाले सापमाजी कीनापद्र्लागरीदीतुभैंया कम्पीडरी कोजाप भानस्का नाउमा सनदभै गयाकोहुनाले सोपमाभीर मैकामैका भानसाप आर्धीनीस अदालत अपाकामनदसावद् रीनपुन्यार्ह दीउभैया कोमी नालमानाका नाउमासनद्गरी पक्तलु पनैठहराम्न सनि त्यारीनेजल सोमारीलाप तपपाउने अडकामैनेजरकारीदाहुने हाम्राहजुरमा पीतीपाउजाहेर भयोमसथ्य सोठहरायावमोजीम हाम्रा वाप्पनिसङगरी पक्सेकोछ सोपमोजीम गर्नेकामगर

तपसील

सवाल भैदावढो थपपक्लका भांसे टहलुवा जशार ४ के मोहर दुईसय चालीसरुपैंआ —— २४०।

भांसेरके द्र जशार १ के मैका १ को मोहर ३। ले जशार २ के वर्ष १ को रु —— १४४।

जनानातर्फ ब्राह्मणीजशार १ के —— ७२।

मर्दानातर्फ ब्राह्मण जशार १ के —— ७२।

टहलुवाजशार २ के द्र जशार १ के मैका १ को रु ४। ले जशार २ के वर्ष १ कोमोहर ९६।

इतीसम्पार १९७७ साल चैत्र ३० गतेरोज २ [illegible]

# कुम्भेश्वर मन्दिर – सर्वेश्वर मृत्युञ्जय महादेव

- राजेन्द्र लाल श्रेष्ठ

मन्दिरै मन्दिरको नगरीको रुपमा परिचित ललितपुर नगर नेपाल उपत्यकाको सर्व प्राचीन नगर मानिन्छ । यस नगरलाई प्राचीन कालदेखि हालसम्म विभिन्न नामले चिनिदै आएको छ । जस्तै यल, युपग्राम, ललितपत्तन, ललितपुरी, मानिग्ल, पाटन आदि ।

लिच्छविकालका पुरातात्विक श्रोतहरु प्रशस्तै मात्रामा प्राप्त भएबाट लिच्छविकालमा ललितपुर पूर्ण रुपमा विकास भैसकेको बुझिन्छ । यहाँ रहेका २४ वटा लिच्छवी शिलालेख, दोश्रो शताब्दीको च्यासलको गजलक्ष्मी, बगलामुखीको मातृकाहरुको मूर्ति, सिंकुबहीको उमामहेश्वर, चण्डेश्वरी मन्दिर अगाडिको उमामहेश्वरको मूर्ति खपिंछे भैरव मन्दिरको परिसरमा रहेको शिलालेख सहितको जलद्रोणी अभिलेख सहितको ढुङ्गेधारा, हौगलको मातृका, आदि प्राप्त भएबाट लिच्छविकालको युपग्रामको बनौट कला कौशलको विकास हुँदै आएको बुझिन्छ । आजसम्म यस शहरमा प्राप्त शिलालेखहरु मध्ये पहिलो अभिलेख स्वथ टोलको संवत ४११ तदनुसार बि.स. ५४५ को अभिलेख नै सवैभन्दा पहिलो देखिन्छ । त्यसपछि वि. स. ९५२ मा ललितपत्तन, ललितभूमि नामका साथै अनेकौं नाम परिवर्तन भै वि.स १५३८ मा ललितपुर हुन गएको भेटिन्छ । 'यल' अथवा पाटन, ललितपुर काठमाडौं उपत्यकाको तीन शहर मध्ये नेवारहरु आदिवासी भएको एउटा शहर हो । यसलाई नेपालको संस्कृतिको केन्द्रको रूपमा चिनिन्छ । देवमाला वंशावलीका अनुसार पाटनको सिर्जना छैटौं शताब्दीमा राजा वीरदेवबाट गरिएको थियो । उनलाई यन्त्रको रुपमा एउटा शहर स्थापना गर्न शिवको स्वरुप 'सर्वेसवो' बाट प्रशिक्षण दिइएको थियो र यसको मध्य भागमा नौ वटा गहनाहरु, बाहिरी रुपमा आठ वटा संरक्षक देवी देवता र चौबीसवटा शहरहरुमा विभाजित यो यन्त्राकार एउटा शुभ संकेतको रुपमा मानिन्छ । ललितपुर धेरै अगाडि देखि नै चक्राकारका रुपमा सिद्ध भएको थियो । मल्ल राजा योगनरेन्द्र मल्लले देशको हित चिन्तनार्थ अनेक धर्मकीर्ति अष्टमाङ्गलिक चिन्ह स्वरुप मणि भैरव, मणि गणेश, मणि कुमार, मणिधारा, मणि मण्डप र मणि चैत्य, मणि पुष्करणी निर्माण तथा संरक्षण गरी सुशोभित गराएका थिए ।

यही ललितपुर शहरको शोभावृद्धिका निमित्त प्राचीन इतिहासको प्रमाणानुसार पूर्व दिशामा दीपावतीनगर (गुईट), दक्षिण दिशामा मतीनगर (लगनखेल), एवं पश्चिम दिशामा शिलापुर दानागिरि (पुलचोक), उत्तर दिशामा ललितारण्य (कुम्भेश्वर), यस्तै प्रकारले पूर्वमा श्री वालकुमारी देवी, दक्षिणमा वटुकभैरव श्री महालक्ष्मी, पश्चिममा श्री खड्गयोगिनी, तथा उत्तरमा श्री चामुण्डादेवी आदि छन् । मध्यभागमा स्वस्तिक चिन्ह आकारको मंगलबजार विद्यमान छ ।[1]

प्राचीन ललितपुरको केन्द्रीय स्थल मंगलबजारको उत्तर भाग शंङ्करतीर्थ (शंङ्खमूल) को समीपवर्ती दक्षिण पार्श्वस्थित एक समस्थलभूमि शिवतीर्थ र गौरीतीर्थ नेर धेरै कलाकृतिले भरिएको सर्वेश्वर मृत्युञ्जय महादेवको कुम्भेश्वर मन्दिर अवस्थित छ । यस कुम्भेश्वर मन्दिरको चारैतिर शास्त्रोक्त विधिवत् प्रमाण मिलाई बनाएका अनेक प्रसिद्ध देव-देवीका मूर्ति, तीर्थ, आदि देखा पर्दछन् । यो मन्दिर एक तह पेटीको माथिल्लो भागमा चारै दिशातर्फ तीन-तीन द्वार सहित सुन्दर कलापूर्ण स्तम्भ र तोरण राखी शिव र शक्तिगण तथा अन्य

देव देवीका टुँडालहरुले सुसज्जित भै पञ्चछत्रसहित बनेको छ। यसको माथिल्लो भागमा सुनको मोलम्बायुक्त छाना छ। यसको शिरो भागमा डमरु, त्रिशूल तथा छत्र सहित गजुर छ।

मध्यकालमा कुनु शर्माद्वारा रचना गरिएको 'कीर्तिपताका' मा कुम्भेश्वर मन्दिरको चारै दिशामा प्राचीन बही, वहाल, चैत्य र स्तुपा रहेको उल्लेख भएबाट यो स्थान बौद्ध मार्गीहरुको बाहुल्यता रहेको देखाउँछ। जस्तो उत्तरमा अशोक चैत्य, यम्पी विहार, ललितवन विहार, सुनयश्री मिश्र विहार, दक्षिणमा हिरण्यवर्ण महाविहार आदि। यस मन्दिरको प्रवेश द्वारसँगै चैत्य स्थापित हिटी छ भने ठीक यसकै पश्चिममा पूर्व एवं दक्षिणमुख ठूल-ठूला हिटीहरु छन् जहाँ अत्यन्त कलात्मक प्राचीन मूर्तिहरु र जलद्रोणी स्थापित गरिएको छ। महायान बौद्ध सम्प्रदायले विभिन्न अष्ट वैतराग मध्ये सर्वेश्वर (कुम्भेश्वर) महादेवलाई एक वैतराग मानिआएका छन्।[२] काठमाडौं उपत्यका अन्तर्गत ललितपुर जिल्लाको कोन्ती टोलमा अवस्थित कुम्भेश्वर महादेव मन्दिरले सम्पूर्ण शैव र महायानी बौद्ध सम्प्रदायको समेत धार्मिक महत्वको प्रतिनिधित्व गरिरहेको छ।

प्राचीनकालमा ललितारण्य भन्ने ठूलो जङ्गलको बीचमा विशाल दह थियो। यसै ठाउँमा गौरी तीर्थमा कुम्भ नामक ऋषिले तपस्या गरी महादेवलाई प्रसन्न बनाई दर्शन पाएका थिए। इतिहासको कालखण्डमा धेरै हराएका छन् केही फेला परेका छन्। जस्तो लुम्बिनी लामो समय पश्चात् पत्ता लाग्यो। यस्तै गुहेश्वरी प्रताप मल्लले फेला पारेका हुन्। हुन सक्छ कुम्भेश्वर पनि लामो समय अन्धकारमा रहेर राजा जयस्थिति मल्लकै पालामा फेला पऱ्यो। चौधौं शताब्दी अगाडिसम्म कुम्भेश्वर महादेवको मन्दिर एक साधारण देवल थियो। राजा मानदेव, उनका रानीहरु एवं छोरीहरुले स्थापना गर्न लगाएको कुनै पनि शिवलिंगमा मुखाकृति छैन, कुम्भेश्वरको शिवलिङ्ग पनि मुखलिंग नभई निराकार रुपको छ। प्रारम्भिक लिच्छविकाल वा सो भन्दा अगाडिको शिवलिंग अधिकांश उत्तरतर्फ ढल्केको पाइन्छ। कुम्भेश्वर महादेवको शिवलिंग पनि उत्तरतर्फ ढल्केको पाईनाले यो अति नै प्राचीन मान्न सकिन्छ।

नेपाल मण्डलका किराती जातिहरुका कूल देवता शिव नै थिए। यी किराँत जातिहरुले नै पाटनको चार स्थानमा शिवलिंग स्थापना गरेका थिए। त्यस मध्ये कुलिंबुँ महादेव सर्वेश्वर (कुम्भेश्वर) महादेवको किरातकालीन नाम हो र यी महादेवलाई किरातीहरुले कुल देवताको रुपमा मानेका थिए। किरातकालीन समयमा श्रावण शुक्ल पूर्णिमाको दिन कुम्भेश्वर पोखरीमा नुहाउने मेला शुरु गरेका थिए। झाँक्रीहरु कुम्भेश्वर महादेवलाई झाँक्री विद्याका अधिष्ठाताका रुपमा पुज्दछन्। त्यसैले यहाँ झाँक्रीहरु जनै पूर्णिमाको दिन आफनो विद्या सिद्ध गर्न महादेवको भक्ति गरी स्नान गर्दछन्।[३]

डिल्ली रमण रेग्मीका अनुसार २९×२५ वर्गफिटको घेरा भएको जगमा यो मन्दिर झण्डै ७५ फिट जति अग्लो स्वरुपमा निर्मित भएको छ। यसको पेटिको अग्लाई ३.५ फिट रहेको छ। मन्दिर क्षेत्रफल भने ३८×३६.४ वर्ग फिटमा छ। मच्छिन्द्रनाथ मन्दिर ललितपुरको उचाईमा अवस्थित मन्दिर हो। यसको टुप्पो र कुम्भेश्वर मन्दिरको उचाई बराबर मानिएको छ। जसले गर्दा यस मन्दिरलाई ललितपुरको घरघरबाट देख्न सकिन्छ।[४]

मन्दिरकै परिसर भित्र एउटा ठूलो आयताकार पाटी मन्दिरको सामु छ भने मुख्य मन्दिरको ठीक दक्षिण भागमा एउटा आयताकार मन्दिर छ जसलाई यस मन्दिरको सहायक मन्दिरको रुपमा लिन सकिन्छ। जहाँ मूल मन्दिरको देवताका शक्ति बगलामुखी र उन्मत्त भैरव छन्। यसको अलावा यस परिसरमा नारायणका दुई तल्ले मन्दिर दुई वटा, एक तल्ले एउटा, दुई वटा शिवालय, एउटा गणेशको देवल र एउटा हारतीको एक तल्ले छत्र मन्दिर रहेको छ। मन्दिरको वायब्य दिशामा गौरी कुण्ड रहेको छ जसलाई मन्दिरको रुप दिइएको छ। यसको उत्तरमा हिटी सहितको ठूलो पोखरी रहेको छ। यस परिसरमा उमा-महेश्वरको मात्रै पाँच वटा मूर्तिहरु रहेका छन् जुन विभिन्न कालखण्डमा निर्माण भएका थिए।

यो मन्दिर स्वयंमा विशाल कलात्मक भण्डार रहेको छ। मन्दिरमा शक्तिसहितको ४८ भैरव र शक्तिरहित ४० भैरव तथा शरभेष २० भैरव समेत गरी कुल १ सय ८ वटा भैरवको काठको टुँडालहरु रहेको छ। बीमहरुमा अष्टमंगलको चिन्ह एवं सूर्य र चन्द्रको काष्ठ प्रतिमा साथै मन्दिरको चारै दिशाको भित्तामा खोपा बनाई अष्ट शिवको काठकै प्रतिमा राखिएको छ। चारै दिशाको ढोकासँगै अष्ट मातृका, अष्ट भैरव र अष्ट शिवका शक्तिहरु काठमा सुन्दर ढंगले कुँदिएका छन्। पञ्च तत्वको प्रतीकको रुपमा पाँच रंगको

पशुपंक्षी अनुहारको उत्कृष्ट ढंगले धलीं ख्वा (दलिन अनुहार) बनाइएको छ । मन्दिरकै परिसरमा धार्मिक संस्कृतिका महत्वपूर्ण पक्ष आकाश दीप, घण्ट, वृक्ष समेत रहेका छन् ।

## कुम्भेश्वर मन्दिर

अमेरीकन विदूषी मेरीश्लसरले तल्ले शैली मन्दिरलाई नेवार शैली मानेका छन् ।[४] सिल्वान लेभी, प्रर्सिब्राउन, हेमिल्टन आदि ले यस मन्दिरको शैलीलाई 'प्यागोडा शैली' भनी लेखेका छन् । यद्यपि डिल्ली रमण रेग्मी यस शैलीलाई प्यागोडा शैली मान्नु गल्ती मान्दै 'नेपाली शैली' भन्नु उपयुक्त मान्छन् ।[६] सातौं शताब्दीतिर नेपाल आउने वाङ-हुएन-सेले यहाँको तले शैलीमा निर्मित दरबारहरु देखेर छक्क परेको कुरा उल्लेख गरेका छन् । यो शैली स्थानीय 'देगु' अथवा 'आगम' देवताहरुका निमित्त मूर्ति राख्न बनाइएका स्थानहरुबाट विकसित भएको देखिन्छ । लिच्छविकाल वा सो भन्दा अघिदेखि नै यहाँका बासिन्दाहरुले देवथानहरुलाई देग भन्ने गर्दथे भन्ने अनुमान हुन्छ । यिनै देवीदेवताका थानहरुलाई कालान्तरमा पर्खाल लगाई छानो हाल्ने परम्पराको कारणबाटै यो शैली विकसित हुन पुगेको मानिन्छ ।[७] अंशुवर्माको पाटन सुन्धाराको सम्वत् ३४ को अभिलेखमा माटिङ्ग ग्रामको मन्दिरको ढोका, खापा, झ्याल, जीर्ण भइसकेका काठपातहरुको जनताद्वारा जीर्णोद्धार गरिएको उल्लेख छ ।[८] क्रेमरिसले काठका झ्याल, ढोका लगायत अन्य भागहरु मुसाद्वारा खाइएका काठहरुका आधारमा यस मन्दिरलाई तलेशैली वा नेवार वास्तु कलाको नमूना मानेकी छन् ।[९] कर्नले लिच्छविकालमा देखिएको तले वास्तुशैलीको विकासको आधारमा छाने शैलीलाई ईशाको प्रथम शताब्दीताका देखि नै नेपालमा प्रचलित भएको शैली मानेका छन् ।[१०]

पूर्व मध्यकालमा तलेशैलीका अनेकौ मन्दिरहरुको निर्माण गरियो । पूर्वमध्यकालमा लेखिएको शिव धर्मशास्त्र नामक हस्तलिखित ग्रन्थमा तल्ले शैलीका मन्दिरको चित्र बनाएको पाइन्छ । यस युगमा कैयन शिखर शैलीका मन्दिर समेतलाई जीर्णोद्धारका क्रममा तले शैलीमा परिवर्तित गरिएको देखिन्छ । यस युगमा बनाइएका मन्दिरहरुमा पाटनको कुम्भेश्वरको मन्दिर मुख्य रुपमा देखा पर्दछ । काठमाण्डौं उपत्यकाभित्रका कुम्भेश्वरको मन्दिर बाहेक पाँच तले मन्दिर भक्तपुरको न्यातपोल मन्दिर पनि एक हो । तर यी दुबैमा फरक यो छ कि कुम्भेश्वर एक तहको पेटीमाथि निर्मित छ भने न्यातपोल मन्दिर पाँच तहको पेटीमाथि निर्माण गरिएको छ ।

मन्दिरको गर्भगृहका चारै दिशामा चार प्रमुख प्रवेश द्वारहरु बनाइएका छन् तर मुख्य प्रवेशद्वार भने पश्चिमपट्टिको प्रवेश द्वार नै हो । गर्भगृहका चारै दिशामा रहेका ढोकाहरुका अधिल्तिर पेटीमा आधारित प्रदक्षिणा पथको निर्माण गरिएको छ । कुम्भेश्वर मन्दिरको ढोकाको ढाँचा भक्तपुरको यक्षेश्वर मन्दिर झैं देखिन्छ भने सुन्दरताको दृष्टिकोणले चाँगुनारायण मन्दिर झैं देखिन्छ ।[११] मन्दिरमा दोश्रो तल्ला देखि पाँचौ तल्ला सम्म गारोको बीचमा झ्याल र दायाँबायाँ दुइ-दुइवटा टुँडाल समानान्तर मिलाएर राखिएको छ ।

सर्वेश्वर मन्दिरको पश्चिम तर्फ पाटीको मूल ढोका माथिको काठको झ्यालको वरिपरि बटारिएको सर्पको जीउ र माथिल्लो भागमा छत्र बनाइएको छ । झ्यालको चौकोस, खम्बा सबैमा सुन्दर बुट्टा कुँदिएका छन् । सबै भन्दा तल्लो भागमा बाह्रवटा महिनाको प्रतीक स्वरुप बाह्र वटा वायुपंखे घोडा कुँदिएका छन् । गारो भन्दा केही बाहिर आएको यस विमान झ्यालले आकाशमा दौड्ने सूर्यको झल्को प्रदान गर्दछ । सूर्य झ्याललाई पूर्ण रुपमा सूर्यको मूर्ति जस्तो बनाइएको छ । यस झ्यालमा उषा र प्रत्युषालाई हातमा धनु लिएर वाण प्रहार गर्न लागेको देखाइएको छ । झ्यालको विभिन्न ठाउँमा सिंह, गरुड र मलः (उड्ने सर्प) पनि मिलाएर कुँदिएको छ ।

चारैपट्टिका ढोकाहरु माथि तोरण राखिएका छन् । यस मन्दिरका प्रत्येक तल्लामा छानो अड्याउन राखिएका टुँडालहरु प्रशस्त छन् । तल्लो तल्लामा रहेका टुँडालहरु भन्दा माथिल्लो तल्लामा रहेका टुँडालहरु क्रमशः साना हुँदै गएका तर ज्यादा कालिगडीयुक्त छन् । प्रत्येक छाना चार कुनामा शरभेष आकृतिका काठका टुँडालहरु देखिन्छन् । यस्ता प्रत्येक टुँडालहरुमा तल्लो आकृति माथि अर्को आकृतिमा उभिएको अवस्थामा बनाइएको छ । कुनाका शर भेष भैरव बाहेक अन्य भागका टुँडालहरुमा शक्तिसहित र शक्तिरहित भैरवका मूर्ति कुँदिएको छ । यस मन्दिरका प्रत्येक तल्लाहरु समानुपातिक रुपमा तलतिर देखि मास्तिर पट्टि साँघुरिदै गएका छन् भने मन्दिरका छानाहरु पनि यसै गरी तल्लो छानाको आकृतिको दाँजोमा माथिल्ला छानाहरु क्रमशः साना हुँदै गएका छन् । छानामाथि गजुर र गजुर माथि छत्र बनाइएको छ ।

मन्दिरका देवताको प्रतीकका रुपमा सबै भन्दा माथिको छानाको मध्य भागमा देवताको आयुध पनि ठड्याउने चलन छ । मन्दिरमा प्रयोग हुने काठ विशेष गरी सखुवा वा सल्लो हुने गर्दछ। मन्दिर प्रत्येक तल्लाको छानाको भागलाई थमौती गर्न टुँडालहरुको व्यवस्था गरिएको छ । काठद्वारा निर्मित टुँडालहरु ४५° को कोण पारी तेर्स्याइएको छ । यस्ता टुँडालहरु पर्खालका विमहरुबाट मास्तिर पट्टि क्रमशः घट्दै जाने भएकोले माथिल्ला भागमा रहेका टुँडालहरु तल्लो भागमा रहेको टुँडालहरु भन्दा क्रमशः छोटो हुँदै गएको देखिन्छ। टुँडालहरुलाई तीन खण्डमा विभाजित गरेको पाइन्छ । माथिल्लो खण्डमा स्वर्गको प्रतीकात्मक प्रतिनिधित्व गराउन त्यही अनुरुपका कल्पलता परी आदि कुँदिएका छन् भने बीच खण्डमा मन्दिरको मूल देवता र तल्लो खण्डमा लौकिक जीवन जनाउने दृश्यहरु कुँदिएका छन्। तोरणहरुको मध्य भागमा गर्भगृह भित्रको मुख्य देवता जनाउने प्रतीक कुँदिएको छ। मध्य भागको वरिपरि सहायक देवदेवी तथा गणहरुको आकृति र फूलबुट्टाहरु बनाइएका छन्। शीर्ष भागमा दुई पञ्जाले पक्रेर दुई सर्प वा नागहरुको मुख चपाइरहेको कीर्तिमुखको डरलाग्दो आकृति उत्कीर्ण गरिएको छ। छत्रलाई अष्टमंगल मध्ये एक मानिन्छ। त्यसैले मन्दिरहरुमा देवताहरु प्रति भक्तीभाव व्यक्त गर्नका निम्ति गजुरमाथि छत्र बनाउने परम्परा छ।

## सर्वेश्वर शिवलिंग मन्दिर

यस मन्दिरको मुख्यद्वार पश्चिमाभिमुख हो भने उत्तर दिशा स्थित मध्यभागको द्वार भने मन्दिरभित्र प्रवेश गर्नको लागि द्वारको रुपमा रहेको छ । यस मन्दिरको चारै दिशाको द्वार संगै दायाँबायाँ रहेका द्वारहरु भने प्रायः बन्द नै रहेको हुन्छ । प्रत्येक द्वारमा कलात्मक र तान्त्रिक भाव समेत मिलाई मूर्ति समेत राखी बनाइएका छन् । प्रत्येक द्वारको माथि शिव, शक्तिगण सहित तोरण राखिएका छन् । भित्र प्रवेश गर्ने द्वारको बीच भाग ठीक माथि काठकै क्रमशः गणेश, शिवलिंग, भैरव र देवीका साना साना मूर्ति राखिएका छन् । यस मन्दिरको चारैदिशाका दायाँबायाँ रहेका द्वारमा पनि काठकै कलात्मक बुट्टाका साथै देव, देवीको मूर्ति अंकित गरिएका छन् ।

यस मन्दिरको पश्चिम दिशाको मध्यभागमा स्वर्णलेपन गरिएको द्वार छ । यस द्वारको बाहिरी तल्लो आधा भागसम्म काठले बारिएको र त्यसमाथि स्वर्ण लेपन गरिएको धातुको आँखी झ्याल राखी बारिएको छ। त्यसपछि भित्रबाट खोल्न मिल्ने तामामा स्वर्णलेपन गरिएको द्वारमा कुँदिएका ब्रह्मा, विष्णु, महेश्वरको आकृति अंकित गरिएका छन् । यस द्वार संगै दायाँबायाँ रहेका काठका द्वारमाथि दायाँबायाँ दुवैतिरका कुनामा अप्सराहरु रहेका छन्। यो चारै दिशाका द्वारहरुमा नै कुँदिएका छन् । चारै दिशाको मध्य भागको द्वारसंग जोडिएको द्वारमाथि काठकै मूर्तिहरु रहेका छन् । जनावरको आकृतिमा नेवार भाषामा मलः भनिने आकृति रहेका छन् । यसरी द्वारपछि भित्तामा अष्टमातृका, भगवती, देवीको शिरोभागदेखि माथि गोलाकार बुट्टा सहित अष्टमंगल रहेका छन्। यो पनि चारै दिशामा सजाइएका छन्। द्वारको खम्बामा पनि विभिन्न बुट्टाहरुका साथमा विभिन्न देव, देवीहरुका मूर्ति कुँदी सजाइएका छन् ।

यस्तैगरी कुम्भेश्वर मन्दिरको गारो उठाइएको शुरुको भागको बाहिर भित्ताको कुना कुनामा विभिन्न प्रस्तरका देवताका मूर्तिहरु रहेका छन् । यसमा पश्चिम दिशाको दायाँबायाँ कुनामा प्रस्तरको सानो गणेश मूर्ति राखिएको छ । बायाँ भित्ताको कुनामा एकै शिलामा निर्मित ब्रह्मा, विष्णु, महेश्वर रहेका छन् । मन्दिरको पूर्व दिशाको दायाँ छेउमा प्रस्तरको उभिएको अन्नपूर्णको मूर्ति रहेको छ । यसैको बायाँ छेउमा प्रस्तरकै जम्भल मूर्ति रहेको छ। मन्दिरको उत्तर दिशा तर्फको मध्यभागको द्वार बाहेक अन्य द्वारमा तलदेखि आधा भागसम्म काष्ठ निर्मित बारले बारेका छन्। हेर्दाखेरी ढोका नभै झ्याल हो कि भन्ने भान पनि हुन्छ। मध्यभागको द्वार बाहेक अन्य द्वार खोलिंदैन। मन्दिर को एक तल्ला पछि अर्को तल्लालाई थाम्न साहारा दिइरहेका बाहिरी कुना कुनाका दलिनलाई बुट्टेदार पंच वक्त्र धली ख्वा बनाइएका छन्। त्यसपछि माथि छानालाई थाम्ने टुँडालको साथ साथै आँखिझ्यालको बुट्टामा बरण्डा झै चारैतिर रहेका छन्।

मन्दिरको चारैकुनामा रहेको टुँडालमा माथितल एक पछि अर्को गरी दुई जनावरको आकृति(शरभेष भैरव) कुँदिएका छन्। अन्यत्र मन्दिरको चारैतिर रहेका टुँडालहरुमा विभिन्न भैरवका मूर्तिहरु कुँदिएका छन्। यसपछि तामाका छाना राखिएको छ । दोस्रो तल्लामा एक कोठा रहेको छ र यस कोठामा जान सानो प्वाल रहेको छ । यस दोस्रो तल्लामा देवताका आवश्यक सामानहरु भण्डार गरिएको छ जसमा भऱ्याङ्गको सहायताले जान सकिन्छ। यसैको पहिलो छानाको उत्तर दिशातर्फ एक सानो वर्गाकार प्वाल रहेको

छ। यस प्वालको सहयोगले मन्दिरको सरसफाई गर्ने, बाहिर निस्कने, भऱ्याङ्ग अड्याउने आदि समेत गरिन्छ । मन्दिरको अरु बाँकी तल्लामा भने कोठा नरहेको र काम विशेषले मात्र जान सकिन्छ ।

मन्दिरको चारैतर्फ आँखिझ्यालहरु बनाइएका छन् र छानाका किनारमा लहरै स-साना घण्टाहरु झुन्ड्याएका छन् । हावाको झोकामा ती घण्टहरु हल्ली रहन्छन् तथा मधुर आवाज निक्ली रहन्छन्। चारैतिरका झ्यालमा भैरबको काष्ठमूर्ति राखिएका छन् । भैरव मानौं उक्त झ्यालबाट सर्वेश्वर प्राँगणको चहल पहल अवलोकन गरिरहेको छ। मन्दिरको अन्तिम पाँचौ छानामा सुन मोलम्बा गरिएको छ । यस मन्दिरको उच्च भागमा धातुको पहेंलो गजुर रहेको छ, यस गजुर संगै त्रिशूल, डमरु उठाइएको छ । गजुरको माथि सबै भन्दा उपरी भागमा तीन तहको छतरी रहेको छ ।

बाहिरबाट झट्ट हेर्दा सर्वेश्वरको मन्दिर पहिलो तल्लामा एकै कक्ष मात्र रहेको भान पर्दछ तर भूई तल्लामा भित्र पनि छुट्टै कोठा रहेको छ । मन्दिरको उत्तर दिशामा रहेको द्वारबाट यस मन्दिरको भित्री भागमा पुग्न सकिन्छ । भित्र प्रवेश गरेपछि खाली स्थान पेटी रहेको छ । यस भित्री भागको दक्षिण दिशाको कुनामा सानो भण्डार रहेको छ । उक्त भण्डार रहेको स्थानलाई छोडी यस सर्वेश्वर मन्दिर परिक्रमा गर्न सकिन्छ । यस स्थानमा चारैतिर चारपाटे ढुंगाले छाएको छ । यस स्थानबाट सर्वेश्वरको दर्शन गर्न सकिन्छ । भित्री भागको चारैदिशामा एक एक द्वार रहेको छ । यस द्वारबाट पुजारी बाहेक अरु कसैलाई प्रवेशाज्ञा रहेको छैन । यहाँको चारै द्वारको माथि लहरै घण्टा झुण्डिएका छन् । यहाँको द्वारमा पश्चिमद्वार बाहेक अरु तीन द्वारमा द्वारको भूईदेखि माथिसम्म नै फलामेद्वार (रेलिङ्ग) रहेको छ जुन मुनीको आवश्यक पर्दा खोल्न मिल्ने रहेको छ । त्यसपछि यस भित्रीद्वारमा चारैदिशामा काठको द्वार रहेको छ । चारैदिशामा रहेका द्वारबाट प्रस्ट देखिने गरी भित्री कक्षको मध्य भागमा जलहरी सहित अति प्रख्यात सर्वेश्वर शिवलिंग बिराजित छ ।

यस शिवलिंगका साथ रहेको तामाको जलहरीमा सुन मोलम्बा गरिएको छ । साथै उक्त जलहरीमा सुन मोलम्बायुक्त सानो र ठूलो दुई नाग बेरिएको आकृतिमा कुंदिएका छन् । सर्वेश्वर महादेव शिवलिंगमा नित्य पूजाको समयमा निकालिने र नित्य पूजा पछि पुनः सर्वेश्वर शिवलिंगमाथि शोभायमान गरी राखिने एक कोश रहेको छ । यो कोश तामामा स्वर्णलेपन गरिएको पंचमुखको कोश हो । यो शिवजीको पंचमुखको कोशमा चार मुख चार दिशामा र एक मुख यसै कोशको माथि चाँदीमा आकृति कुँदिएको छ ।

सर्वेश्वरको पंचमुखको कोश लगाईसकेपछि त्यसमाथि चाँदीको मुकुट लगाइन्छ जसमा छतरी सहित नागहरुका आकृतिले सजाइएका छन् । यो नित्य पूजा सकिएपछि पहिऱ्याईन्छ साथै यसमाथि विभिन्न सुगन्धित फूल, मालाहरु मिलाई सजाएर राखिन्छ। यस स्थानमा कुम्भ ऋषिले सर्वेश्वर महादेव पूजा, आराधना गरी बसेका थिए र उनले कुनै समयमा एक शिवलिंग स्थापना गरेका थिए भन्ने विश्वास गरिन्छ। उक्त शिवलिंग हाल मन्दिरको भित्री भागमा पूर्व उत्तर दिशाको बीच कोण (ईशान कोण) मा अवस्थित छ। यो शिवलिंग भूमिसंगै जोडिएको छ। त्यस शिवलिंगको ठीक अगाडि नै पूर्व दिशामा विन्ती गरी बसेका कुम्भ ऋषिको मूर्ति समेत रहेको छ । कुम्भ ऋषिले स्थापना गरेको कुम्भेश्वर शिवलिंग माथिपट्टि तामाको रुद्राभिषेकमा प्रयोग हुने सानो रुद्रीबाटा रहेको छ,संगै एक कमण्डलु पनि रहेको छ । साथै यसै स्थानमा नारायणको प्रतिमा समेत रहेको छ ।

सर्वेश्वर रहेको मन्दिरभित्र सानातिना अरु पनि देव, देवीका मूर्तिहरु रहेका छन् । सर्वेश्वर रहेको जलहरीमाथि ६/७ वटा ढलौटका साना साना वसाहा भक्तजनहरुद्वारा चढाईएका हुन् साथै यसै जलहरीमाथि शालीग्राम पनि रहेका छन् । नेपालको धेरै शिव लिङ्गहरुमा शालीग्राम राखिएको हुन्छ । धर्मशास्त्र अनुसार शिवस्व शिवको कुनै पनि जल प्रसाद फूल लिन हुदैन भनिएको छ "अग्रास्यं शिव नैवेध्यं पत्रं पुष्पं जलैरपि, शालीग्राम शिलास्पर्शाद सर्वे यान्ति पवित्रताम्" यी शालीग्रामहरु पहिलेदेखि नै रहेका मानिन्छ। ६/७ वटा तामाका साना गाग्री रहेका छन् जुन भगवान शिवको नित्य पूजाकोलागि चोखो पानी राख्न प्रयोग गरिन्छ। यहाँ दक्षिणतिर ठूलो घण्टा झुण्ड्याइएको छ र एक सानो हातमा लिई बजाउन हुने घण्टा पनि रहेको छ। सो घण्टा आरतीको समयमा बजाइन्छ। सर्वेश्वर रहेको कक्षमा सर्वत्र जमीनमा सेतो ढुँगा छापिएको छ ।

यस्तै गरी सर्वेश्वरको मन्दिरको बाहिरी भागमा पनि विभिन्न वस्तुहरु रहेका छन् । जस्तैः मन्दिरको उत्तर पट्टिको द्वार अगाडि जमिनमा गाडिएको निकै लामो त्रिशूल

रहेको छ । त्रिशूलका साथ बन्चरो र सानो डमरु समेत रहेको छ । यस त्रिशूल महादेवको मन्दिरको समीपमा रहनाले मन्दिरको शोभा बढ्न गएको छ । यस मन्दिरको बाहिर दक्षिण भागमा एक ठूलो घण्टा रहेको छ। सो घण्टा राजा योगनरेन्द्र मल्लले नेपाल सम्वत् ८१९ मा सर्वेश्वर महादेवकालागि चढाएका थिए । मन्दिरको पश्चिम दिशाको दायाँबायाँ अरु दुई घण्टा रहेका छन् ।

यस मन्दिरलाई शोभा बढाउने र साथै महादेवको वाहन भनी चिनिने वसाहा पनि यस सर्वेश्वर मन्दिरको पश्चिम द्वारको सम्मुख शिला स्तम्भमाथि बसिरहेको अवस्थामा राखिएको छ । यो वसाहा धातुमा सुन लेपन गरिएको छ । वसाहा रहेको आसनको चारैतिर कुँदिएका लिपि अनुसार उक्त वसाहा नेपाल सम्वत् ८५५ मा श्री श्री जय विष्णु मल्लदेवले श्री ३ सर्वेश्वर भट्टाकरको सुप्रितिको निम्ति सुन मोलम्वा बसाहा स्थापना गरिएको हो । तर यसै बसाहा मुनिका शिलापत्रमा उल्लेख भए अनुसार सो बसाहा राजा रण बहादुर शाहको समयमा चोरी भएको र राजा रण बहादुर शाहले पूर्वानुसार अर्को बसाहा मूर्ति नेपाल सम्वत् ९०३ मा स्थापना गरि सुन एक तोला दान गरेका थिए ।

यसै मन्दिरको पश्चिमद्वारको दायाँबायाँ धातुका स्वर्णलेपन गरिएका दुई ठूला ध्वजा रहेका हुनाले मन्दिरको श्री शोभा बढाएको छ। यसै पश्चिम भागको द्वार छेउमा दुई साना घण्टा झुण्ड्याइएका छन् । मन्दिर अगाडि दुई ठूला प्रस्तरका सिंहले मन्दिरको रक्षकको रुपमा आकर्षक र शोभा बढाउने कार्य भएको छ। मन्दिरको चारैतिर लहरै पित्तलका पाला राखिएको छ जसमा बेला वखत तेल वा घ्यूमा बत्ती बाली दीपावली गरिन्छ। सर्वेश्वर महादेवको शिवलिंग ढाक्ने कोशहरु तीनवटा छन् ।

१. चारै दिशामा मुख कुँदिएको स्वर्ण जलप गरिएको दैनिक पूजा समाप्त गरेर सधै शिवलिंग ढाक्ने कोश ।
२. सर्वेश्वर शिवलिंगमा एक महिनासम्म र श्रावण शुक्ल चतुर्दशी पर्वमा नागदह (पोखरी) मा खटमा नागले बेरेको स्वर्ण जलप भएको शिवकोश राखिने ।

कुम्भेश्वर (सर्वेश्वर) शिवलिंगमा नागले बेरिएको स्वर्णमय कोशलाई श्रावण शुक्ल चर्तुदशीको दिन बेलुकी पोखरीमा तयार पारिएको खट्मा विराजित गरिन्छ। यस दिन सर्वेश्वर शिवलिंग सहित त्यहाँ रहेका पञ्चमुख कोश, नागाकृति कोश कुम्भेश्वर शिवलिंग सहित अन्य सम्पूर्ण स्थान र सामग्रीहरु सहित सफाइ कार्य गरिन्छ। यसैदिन मन्दिरको प्राँगणमा रहेका गौरीपुष्करणी कुण्ड, नागदह पोखरी र अन्य स्थानमा सरसफाइ गरिन्छ।

यसै दिन पूजा कार्य कै समयमा महादेव पञ्चमुख कोश रहेका मूर्तिहरुमा समेत गाजल, लाली, टिका र जुंगा समेत राखी श्रृगारिनाका साथै नित्य पूजा सकिएपछि शास्त्रीय विधि पूर्वक होम, पूजा गरी काचो धागोको १ सय ८ सुतीको जनाई लगाई पवित्रारोहण गरिन्छ। सो पवित्रारोहणको फूलप्रसाद भक्तजनहरुलाई पनि दिइन्छ । यस दिन साँझको आरती सम्पन्न गरिसकेपछि शिवलिंगलाई पोखरीमा लाने कार्य गरिन्छ । यस पोखरीमा पनि जम्मा गर्न सो ठाउँको निकासलाई बन्द गरिन्छ र यसै पोखरीको पर्खालको भित्तामा रहेका नागाकृतिको घेरा भन्दा माथि रहने गरी पानी जम्मा गरिन्छ।

सो पानी गौरीपुष्करणी कुण्डबाट ढुङ्गेधारा भई यस पोखरीमा पानी जम्मा हुन्छ। पोखरीमा पानी भर्नु भन्दा पहिले खट राख्नको लागि अग्लो पारी काठलाई डोरीको सहायताले बाधी जमिनको सतहमा खटलाई मिलाइ राखिन्छ। त्यसपछि पोखरी सम्म पुग्न दलिनको प्रयोग गरिन्छ । यसरी सवै भन्दा माथि मुख्य खट राखिन्छ र यस खटको माथि रातो कपडाको चँदुवाले सजाइन्छ। यस अनुसन्धान विषय अन्तर्गत सिद्धिनरसिंह मल्लको पूजा वारे उल्लेख गर्न आवश्यकता रहनुको साथै यी राजा निकै धार्मिक प्रवृतिका हुदाँ यहाँ उनको विषयमा उल्लेख गर्नु सान्दर्भिक हुन्छ। हस्तलिखित ग्रन्थ "शुद्रामतादशश्रद्धविधि" अनुसार सिद्धिनरसिंह मल्लको जन्म नेपाल संवत ७२६ (वि.सं. १६६२) मा भएको हो । सिद्धिनरसिंह मल्ललाई पाटनको पहिलो स्वतन्त्र मल्ल राजा मानिन्छ। उनले आफ्नो बाजे शिवसिंहको मृत्युपश्चात ने.सं. ७३९ इ.सं १६२० मा ललितपुरलाई स्वतन्त्र बनाई राज्य गरे ।

देवमाला वंशावलीका अनुसार सिद्धिनरसिंह मल्लको समयमा मंगलवजार स्थित दरवारको आकार प्रकार र क्षेत्रमा पनि वृद्धि गरी अनेक खण्डहरुमा भवन निर्माण गराएका थिए । यिनी व्यापार विस्तार, कलाकृतिमा नयाँ प्रयोग एवं हिन्दू र बौद्ध धर्ममा समान आस्था राख्ने धार्मिक राजाको रुपमा समेत मानिन्छन् । वंशावलीहरुमा यिनको धार्मिकता र दयालुपनको समेत उल्लेख पाइन्छ। यिनी राजकाज सन्बन्धी कार्यमा भन्दा

बढी धार्मिक कार्यहरुमा नै ध्यान दिन्थे । वंशावलीहरुले यिनलाई दैविक शक्ति भएका राजाको रुपमा ब्याख्या गरेको पाइन्छ । यिनी गर्मीमा आगो अगाडि र जाडोमा खुल्ला चोकमा चीसो ढुङ्गामाथि बसी कठोर तपस्या गर्ने राजाको रुपमा समेत चिनिन्छन् । यिनी समय समयमा तीर्थाटन पनि गरिरहन्थे भनी लेखिएको छ ।

सिद्धिनरसिंह मल्लले नेपाल संवत ७७२ मा भारतका पवित्र तीर्थस्थलको भ्रमण गरी नेपाल संवत ७७४ मा स्वदेश फर्केका थिए ।[12] सिद्धिनरसिंह मल्लले आफ्नो छोरा श्रीनिवास मल्ललाई राजकार्य सुम्पी आफु जोगी भएको अर्थात सन्यास धारण गरेका थिए ।[13] नेपाल सम्वत ८०० को वंशगोपाल अभिलेखमा सिद्धिनरसिंह मल्ललाई राजर्षिका साथै उनले आफ्नो चित्त र सबै कामवासनाहरु माथि विजय प्राप्त गरिसकेको र राज्य भोग उनकालागि तृण बराबर भइसकेको भनेर पनि उल्लेख गरिएको छ ।

सिद्धिनरसिंह मल्लले निर्माण गराउन लगाएका भण्डारखालको धाराको अभिलेखमा उनलाई राजऋषिश्वर उपाधिले सम्बोधन गरिएको छ । यिनी राजा सिद्धिनरसिंह मल्लको पूजा सर्वेश्वर (कुम्भेश्वर) मन्दिरको नागाकृति महादेव पोखरीमा विराज गराउनु अघि बाजागाजा सहित ल्याएर सम्पन्न गरिन्छ । अतीतकालदेखि राजप्रतिनिधिको रुपमा पूजा ल्याउने परम्परा रहेकोमा हाल यो पूजा गुठीद्वारा गरिन्छ । यस पूजाको साथमा सिद्धिनरसिंह मल्लको एक तरवार, एक रातो खोल रहेको चकटी, तकिया, एक दण्ड, एक छाता रहेको हुन्छ । यी सामग्रीहरु ल्याउन गुठीद्वारा खटी आएका पाँच व्यक्ति रहेका हुन्छन । यी पाँच व्यक्तिहरुले निम्न सामग्री बोकी आउँछन् ।

| | |
|---|---|
| १. सिद्धिनरसिंह मल्लको दण्ड | १ |
| २. सिद्धिनरसिंह मल्लको चकटी | १ |
| ३. सिद्धिनरसिंह मल्लको छाता | १ |
| ४. सिद्धिनरसिंह मल्लको चिराग | १ |
| ५. सिद्धिनरसिंह मल्लको पूजा सामान | १ |

यस पूजाको अक्षता, अविर, फूल, फलफुलहरु रोटी आदि राखिएको एक सामान्य पूजा सामग्री रहेको हुन्छ । यो पूजा लिई आउने व्यक्ति सर्वेश्वर (कुम्भेश्वर) मन्दिरको दक्षिण ढोकाबाट प्रवेश गरी त्यसै दिशामा रही सिद्धिनरसिंह मल्लका प्रतिनिधिका रुपमा ल्याईएका सामग्री (चिन्ह) मा चकटी ओछ्याई त्यस चकटीमाथि छेउमा सानो तकिया र तरवार पनि राखिन्छ साथै अरु सामान पनि त्यहीं राख्दछन् । यसरी पूजा सामान लिई भित्र पस्ने व्यक्तिले संकल्प गरी पुजारीलाई पूजा गर्नको निम्ति हस्तान्तरण गरिन्छ । यो पूजा सकिएपछि नागाकृति कोशको महादेव जात्रा गरी सम्मानसाथ पोखरी सम्म पुऱ्याउने र बाजागाजा बजाउने व्यक्तिहरु समेत उपस्थिति हुन्छन् । यस बाजामा भैरव, काली, कुमारको मूर्ति अंकित गरिएको हुन्छ । जसलाई दमोखी बाजा भनिन्छ । यस किसिमको बाजा पूर्व र दक्षिणको कोणतिर बसी बजाईरहेका हुन्छन् । अर्को धिमे, डमरु, साथै पञ्चबाजा भजन बाजा बजिरहेको समयमा पुजारीले नागाकृति कोश बोकी उत्तरद्वारबाट बाहिर मन्दिरको पेटीमा ल्याई पुऱ्याइन्छ । यस समयमा पञ्जबाजा र भजनबाजा बजाउँदै स्वर्णमय नागाकृति महादेवको पूजा हुन्छ । यस दिन पुजारी निराहारै बस्नुकासाथै कपाल मुण्डन गरेका हुन्छन् । महादेवलाई नागदह पोखरीसम्म पुऱ्याउने क्रममा सिद्धिनरसिंह मल्लका प्रतिनिधिका रुपमा ल्याइएको तरवार बोक्ने मान्छे पछिपछि लागिरहेका हुन्छन् ।

## ३. कार्तिकको मुखाष्टमीको दिनमा राखिने बुद्धको मूर्ति कुँदिएको तामाको कोश

पशुपतिको लोकप्रीयताले गर्दा बौद्ध धर्मीहरु पनि पशुपतिलाई मान्छन् । त्यस्तै हिन्दूहरु मत्स्येन्द्रनाथलाई मान्छन् । स्वयम्भू पुराणमा वागमतीको किनारको मृगस्थलीमा लोकेश्वर प्रकट हुने कुरा लेखिएको छ :

उनी तीनै लोकका सम्राट हरि, हर, हिरण्यगर्भ, गणेश देवताहरुका साथै योगीहरुको ठूला जमातद्वारा घेरिएर रहेका हुने छन् । उनको मुख दक्षिण

फर्केको हुनेछ । उनी स्थानीय ब्राह्मण, भट्ट, क्षत्रिय र शूद्रहरुद्वारा पनि

पुजिने छन् र उनको नाम हुने छ पशुपति (परिच्छेद ८) ।

एकचोटि विरुपाक्ष राक्षस रिसाएर पशुपतिको चिन्ह नै त्यस ठाउँबाट नष्ट गर्न लागेको बेलामा बुद्धले पशुपतिलाई आफ्नो कपालले छोपेर बचाएका थिए । त्यो गुप्त मूर्ति देखेर विरुपाक्षले विनम्र ढंगमा आफ्नो शिर निहुराए । विरुपाक्ष निहुरिएको कारण पशुपतिबाहेक शिवका

सबै प्रतीकहरु एकापट्टि अलिकति ढल्लेका हुन्छन् । त्यसैले अहिले पनि सनातनी ब्राह्मणहरु वर्षको एकपल्ट कार्तिक शुक्लपक्ष अष्टमी पशुपतिलाई बुद्धमूर्तिले छोपेर पूजा गर्छन् ।[१४] यसो गर्दा पशुपतिको शिरमाथि राखिने छतरी पनि नयाँ राखिन्छ ।

कार्तिक महिनाको शुक्ल पक्षको मुखाष्टमीमा सर्वेश्वर (कुम्भेश्वर) महादेव शिवलिंगमा तामाद्वारा निर्मित बुद्धको (लोकेश्वरको) मूर्ति अंकित कोश राखिन्छ । यस दिनलाई बुद्धाष्टमी र गोपाष्टमी पनि भनिन्छ । यो दिन महादेवले लोकेश्वरको रुप धारण गर्दछन् भनी विश्वास गरिन्छ । यसै दिन पशुपतिनाथको शिवलिंगमा पनि बुद्धको मुकुट पहिऱ्याइन्छ ।

भूमिमा स्वयं उत्पत्ति भएको मानिने, प्राकृतिक रुपको शिवलिंगलाई स्वयम्भू लिंग भनिन्छ । यो लगायत चौसठी शिवलिंगको समूहमा पर्ने अन्य शिवलिंगहरु उदाहरण स्वरुप छन् । यस्ता शिवलिंगहरुलाई महादेव स्वयंको इच्छाले उत्पत्ति भएको मानिन्छ । कृतिम शिवलिंगका तुलनामा यस्ता शिवलिंग खस्रो, भद्दा, घना एवं ठाडो नभएर केही ढल्केको अवस्थामा पाइन्छन् । अन्दाजी ८५ डिग्री उत्तर पट्टि ढल्केको यो शिवलिंग गोलाई २५ इन्च र लम्बाई १७५ इन्च लामो छ । शिवलिंगको जलहरी गोलाइ १२६ इन्च र लम्बाई १७.५ इन्च छ । शिवलिंगको तामाको कोशमा मुख कुँदिएको छ । यो नयाँ कोशको गोलाई २७.५ ईन्च र लम्बाई १७ ईन्च छ ।[१५]

नेपाली छाना र छाना माथिका गजुरहरुका छविका बारेमा वर्नियर लेख्दछन् - 'यी मन्दिरहरुको एक माथि अर्को सानो झन् सानो हुदै गएका छानाहरुको भारिलोपनले सृजित गरेको लयात्मकता नै हेर्नेहरुको आँखाको आकर्षण हो ।'[१६] ढोका अगाडीका पेटीमा गर्भसम्म पुग्नका निम्ति सिंढी बनाइएको छ । पूर्व, पश्चिम, उत्तर र दक्षिण चारै दिशामा छ/छ वटा टुँडाल र चार कुनामा चारवटा मोटो टुँडालले मन्दिरको छाना अड्याएको छ । चारैतिर शक्ति सहित भैरवको काष्ठ मूर्ति अनुपम शैलीमा कुँदिएको छ । टुँडालमा तीन तहको कलाकृति छ - तल्लो तहमा विभिन्न बाजा सहित चरा जनावरको आकृति कुँदिएको छ, बीचमा छ वटा हात भएका भैरव र दुईवटा हात भएकी शक्ति (पहिलो र दोश्रो तल्लामा मात्र) मुख्य देव देवीको रुपमा कुँदिएका छन् ।

सबै भन्दा माथिल्लो खण्डमा फूल, पात, लहरा आदि बनाइएको छ । भैरबले मुण्डमाला र उनको शक्तिले फूलमाला लगाएका छन् । तेश्रो र चौथो तल्लामा चार/चार वटा टुँडाल मात्रै राखिएको छ, पाँचौ छाना अड्याउन भने चारै तिर दुईवटा टुँडाल प्रयोग गरिएको छ । तेश्रो देखि पाँचौं तला सम्म शक्ति विनाको भैरव रहेको छ ।

## तोरण

मन्दिरको चारै दिशामा बीचको ढोका माथि तोरण राखिएको छ । पश्चिमपट्टिको मूलद्वारबाट भित्र पस्ने बित्तिकै धातुको नन्दी र धातुकै तोरण राखिएको छ । तोरणको सबै भन्दा माथि बीचमा छत्र, त्यस पछि शिव-पार्वती चार वटा हात भएका गरुड, भैरवको शिर, छेपु र सबै भन्दा तल चारवटा शिर र दायाँ पाउ नन्दीमा टेकेको शिवको मूर्ति कुँदिएको छ । शिवको दायाँवायाँ भीमसेन र जम्भल स्थानक मुद्रामा बनाइएको छ । भीमसेनले हातमा गदा लिएको, जम्भल(कुबेर)ले न्याउरी मुसा लिएको र यी दुबै शिवभन्दा सानो आकारमा बनाइएको छ ।

मन्दिरको उत्तरतर्फको गारोमा पनि तीनवटा जोडिएको काठको ढोका बनाइएको छ । धेरै जसो बीचको ढोका मात्रै खोल्ने चलन छ । बीचकै ढोका माथि काठको तोरण राखिएको छ । पश्चिम ढोका माथिको तोरण काठमाथि धातुको पाता पिटेर बनाइएको छ । चारैवटा तोरणको विषय बस्तु उस्तै छ - तोरणको सबैभन्दा माथि छत्र, त्यसपछि गरुड, नाग, नागिन र योगेश्वर नै कुँदिएका छन्। गरुडको मुख चराको बनाइएको छ । चारवटा हात मध्ये दुइवटा हातले अमृत घट समातेको पनि देखाइएको छ । शायद कलाकारले गरुडको चित्रण अमृतहरणको स्वरुपमा गरिएको छ । तोरणको सबैभन्दा तल्लो खण्डको बीचमा चार शिर भएका शिव नन्दीमा उभिएका छन् ।

पूर्व पट्टिको काष्ठ तोरण पनि पूर्णरुपमा अलंकृत छ । यस तोरणमा पनि सबै भन्दा माथि छत्र त्यसपछि शिव र पार्वती, गरुड पक्षी, गरुडको दायाँ वायाँ नाग, नागिन र सबैभन्दा तल बीचमा नन्दीमाथि, शिव उभिएका छन् । शिवको दायाँ र बायाँ मुसा र मयुर वाहन सहित गणेश र कुमार पनि उभिएका छन् । अन्य टुँडालमा जस्तै यसमा खाली ठाउँमा मलः (उड्ने सर्प) फूल पात, योगेश्वर र परीहरु कुँदिएका छन् । दक्षिणतर्फको तोरणमा पनि छत्र, शिव, पार्वती, गरुड, नाग र नागिन, कीर्तिमुख आदि कुँदिएको छ । तोरणको सबै भन्दा तल्लो भागको बीचमा नन्दी माथि खुट्टा राखेर उभिएका शिव छन् । यस तोरणमा पनि शिवको

दायाँबायाँ भीमसेन र जम्भल(कुबेर)कुँदिएको छ। भीमसेनको दायाँ हातमा गदा र जम्भल (कुबेर)को बायाँ हातमा रत्नहरु ओकल्दै गरेको न्याउरी मुसा बनाइएको छ।

**ढोका**

मन्दिरको चारैतिर तीन तीनवटा ढोका बनाइएका छन्। प्रायः शिवमन्दिरमा पश्चिम तर्फको बीचको ढोका मात्रै खुल्ने गर्छ भने विशेष पर्वमा चारैतिरको ढोका खोलिन्छ। गारो भरिको चौकोशमा बनाइएको ३ ढोका मध्ये बीचको अलिक ठूलो छ। त्यही ढोका माथि तोरण राखिएको छ। ढोका संगैको काठको कारनिसमा विभिन्न कलाकृति कुँदिएका छन्। अष्टमंगल - कलश, श्रीवत्स, पद्म, ध्वज, चक्र, मत्स्य, छत्र, शंख र दिक्पाल एवं अष्टमातृका पनि कुँदिएका छन्।

मन्दिरको पश्चिम तर्फको गारोमा काष्ठमूर्ति ऐरावत हात्तीमा चढेको इन्द्रायणी र बाराही दायाँ बायाँ मिलाएर राखिएको छ। ढोकाको सबै भन्दा तल्लो भागको दायाँ बायाँ भैरवको मूर्तिपनि स्थापना गरिएको छ। पश्चिमको उत्तरमा कपाल भैरव र दक्षिणमा उन्मत्त भैरवको काष्ठमूर्ति कुँदिएको छ। शिवका अष्टरुद्र अवतारमा उत्तरमा भीम र दक्षिणमा उग्रको काष्ठमूर्ति राखिएको छ। दशवटा हातमा विविध आयुध लिएका चार शिर, गोलो डर लाग्दो ठूलो आँखा, मुण्डमाला लगाएका भैरवको सर्प र कुकुर वाहन भएका भैरव पनि बनाइएको छ। मूलढोकाको बीचको भाग धातुले मोडिएको छ। मन्दिरको पश्चिम पट्टिको पेटीमा दायाँतर्फ त्रिदेव र बायाँतर्फ गणेशको ढुङ्गे मूर्तिको स्थापना गरिएकोछ। एउटै ढुङ्गे फलकमा ब्रह्मा, शिव र विष्णुको आयुध सहितको मूर्ति कुँदिएको छ।

मूल मन्दिरको उत्तर दिशातर्फको तीन ढोका मध्ये बीचको ढोकाको दायाँ बायाँ कलात्मक बुट्टे मझ्यौला खाले खम्बाहरु बनाइएको छ। मन्दिरको ढोकाको सानो खोपाभित्र दायाँ तर्फ गरुड वाहन गरी बसेकी वैष्णवी देवी र बायाँ तर्फ नरवाहन गरी बसेकी पेट भित्र पसेको करङ्ग, करङ्ग देखिने चामुण्डाको काष्ठमूर्ति बनाइएको छ। यसको तल उत्तर पूर्व दिशामा क्रोध भैरव र पश्चिम दिशामा भीषण भैरव बनाईनुको साथै दायाँ बायाँको खोपामा शिवका अष्टरुद्र अवतारमा रुद्र र ईशान बनाईएको छ। ढोकाको दायाँ बायाँ तलमाथि तीन सय भन्दा बढी स-साना शिवलिंगहरु कुँदिएका छन्। तल्लो खण्डमा देवी, कुमारी, शिव गण नर कंकाल र चराको शिर र मानव शरीर भएको साना मूर्तिहरु बनाइएका छन्।

पूर्वपट्टिको तीन ढोका पनि काठको नै छ। माहेश्वरी र कौमारीदेवी ढोकाको चौकोस भन्दा बाहिर कुँदिएका छन्। काठको ढोकाको सबैभन्दा तल्लो खण्डमा अन्य ढोकामा जस्तै दायाँ र बायाँ भैरबको काष्ठ मूर्ति छ। पूर्वको दक्षिण दिशामा रुरु भैरव र पूर्वको उत्तर दिशामा असिताङ्ग भैरव राखिएको छ। शिवका अष्टरुद्र अवतार मध्ये भव र शर्व पनि राखिएको छ। पूर्व पट्टिको पेटीमा प्रस्तरको घोडा सहित कुबेर र अन्नपूर्ण देवीको मूर्ति स्थापित छ। अन्नपूर्णले पूर्ण घडाबाट अन्न झिक्दै गरेको देखाइएको छ।

दक्षिण तर्फको पेटीमा खम्बामा अड्याइएको घण्टा छ। चौकोसको तल्लो खण्डको दायाँ र बायाँ काष्ठ भैरवका मूर्ति कुँदिएको छ। दक्षिणपट्टि तीन ढोका पनि काठको नै छ। ढोकाको चौकोस भन्दा बाहिर दक्षिणपट्टि दायाँ दिशामा कौमारी र बायाँ महालक्ष्मी कुँदिएका छन्। यसको मुनि पश्चिममा चण्ड भैरव र पूर्वमा संहार भैरव कुँदिएका छन्। पश्चिमको खोपामा शिवका अष्टरुद्र मध्ये पशुपति र पूर्वको खोपामा महादेव कुँदिएका छन्। ढोकाका वरिपरि दायाँ बायाँ माथि स-साना तीन सय भन्दा बढी शिवलिङ्गहरु कुँदिएका छन्।

नेपालमा अनेकन् पावनतम् ६४ तीर्थस्थलहरु मध्ये ४८ औं तीर्थस्थल श्री सर्वेश्वर महादेव, गौरीकुण्ड तीर्थ हो। स्कन्द पुराण अन्तर्गत नेपाल महात्म्य हिमवत खण्डमा कुम्भेश्वर मन्दिरको उत्तम वर्णन मिल्दछ। यस मन्दिरको भव्यताको बारेमा मध्यकालीन कवि कुनु शर्माले आफ्नो 'कीर्तिपताका' मा यसरी वर्णन गरेका छन्–

तत्पूव्वदिशि किं श्रूभोऽभ्दकथां कुम्भेश्वरो राजते
नानो कृतिमपुत्रिकोज्वलतरैर्ग्गोपान शातोरणैः
प्रासार्दे स्सुमठेंगवाक्षल लितैर्द्धारोजमैर्मण्डयै
र्नानादेव निकाय सन्मरतरै र्वाराणासीबामरैः
श्री लम्बोदरकार्तिकेयहरिभिश्चित्रैः प्रणाल्युत्तमै
देवी देवमहभीषगर्णेप्राकाररथ्योत्तमैः
श्री जाम्वनदधट्टनोच्च कलशै र्मव्येष्टिकाकुट्टिमै
गौरी कुण्डसरोवरामृतरसैरुद्यान पुष्पोज्वलैः

यो श्लोकमा कोन्ती टोलको वयानको साथै त्यसैका पूर्व दिशामा कुम्भेश्वरको कथा छ। कुम्भेश्वर मन्दिर नाना प्रकारका कृतिम पुत्रिकाहरुले छाना छानामा सिंगारिएको छ र तोरण अरु देवल, मठ, द्वार, मण्डप र अनेक देवनिकायले सुन्दर हुँदा वाराणसी सरी छ तथा गणेश, कार्तिकेय, विष्णु,

विचित्र उत्तम ढुङ्गेधारा, देवी, देवताहरुका समूह, भैरवगण, पर्खाल, गल्ली, सुनौला कलश, पाका इटका वाटा, चोक, गौरीकुण्ड सरोवरका अमृत रस र फूलवारीका उज्याला फूलहरुले शोभायमान छ । यो मन्दिर नेपाल मण्डलको वास्तुकला छत्र पद्दति अनुसार बनेको छ । यसमा समयका अनुसार, कम परिवर्तन आएको छ । यसमा समयको आवश्यकता र समस्याहरुको समाधान कम मिल्दछ । यसैले भवन निर्माणको नियमको विशेष गरेर मन्दिरको गहन रुपले पालन गरिएको छ । यस कारण कुम्भेश्वर मन्दिरको पुनः निर्माण पुरातन कालको वास्तु नियमका अनुसार नै भएको छ र आधारभूत नियमहरु र शिल्प कला, सिंगार कला, सौन्दर्य कला आदिको नियमलाई पनि कडाईका साथ पालन गरिएको छ । वि.सं. १९९० को भूँइचालोमा भत्किएर यो मन्दिर पुनः निर्माण गरिएको हो तर पुरानै वास्तुकला र कलालाई आधार मानेर निर्माण गरिएको छ । यस मन्दिरमा दोहोरो ढोका सहितको गारो छ । हाल मन्दिरको जुन स्वरुप देखिएको छ त्यो स्वरुप विभिन्न समयमा जीर्णोद्धार र मर्मत सम्भार गरिए पछिको हो, यस मन्दिर भित्र ईशान कोणमा सानो कुम्भेश्वरको शिवलिंग पनि स्थापना गरिएको छ । परन्तु यस क्षेत्रका बारेमा बताउने अन्य अधिकांश साहित्यिक र पुरातात्विक श्रोतमा सर्वेश्वर नाम नै जनिएको पाइन्छ । जनजिब्रोमा भने यो मन्दिर कुम्भेश्वर मन्दिरको नामले प्रसिद्ध छ ।

कुम्भेश्वर मन्दिरलाई नेपालमा निकै श्रद्धा र आदरको साथ हेरिन्छ । यो देवाधिदेव महादेवको ६४ लिंग मध्ये एक हो । यसलाई सर्वेश्वर, महामृत्युञ्जयबाट पनि पुकारिन्छ । हिन्दू धर्म शास्त्रमा अनेक देवी देवताहरुको आराधना पूजा-अर्चना इत्यादिबाट आकांक्षाहरुको पूर्तिको उल्लेख छ । श्रेय र प्रेय दुबैको अभिलाषा सब उनैबाट पूर्ण हुन्छ । शास्त्रमा सत्व, रज र तम तीनै गुणको वर्णन छ, तर सत्व र रज गुण युक्त ब्यक्ति समाजलाई माथि उठाउने र शान्ति-आनन्द प्रदान गर्नमा कल्याणकारी मान्नुको कारण यी देवताको महत्वलाई प्रधानता दिइएको छ । यसको दर्शनको निकै महात्म्य छ । भनिएको छ कि जसले आदरपूर्वक यसको उत्पति र यसको महात्म्यलाई सुन्नेछ, ऊ समस्त पापबाट मुक्त भएर, समस्त ऐहिक सुखलाई भोग्दै, अन्तमा परमपद प्राप्त हुनेछ । शिवका अनन्य भक्त रहेका मल्ल राजाहरुले कुम्भेश्वर मन्दिरलाई साँस्कृतिक केन्द्रको रुपमा मानेको देखिन्छ ।

## उपसंहार

धेरै विद्वानहरु पाटनको कुम्भेश्वर मृत्युञ्जयलाई कुम्भेश्वर नै मान्दछन् । यसमा मेरुतन्त्रबाट प्रतिमा लक्षणहरु लिइएको छ ।[१७] यो मन्दिर मृत्युञ्जय यन्त्राकारमा बनेको छ त्यसैले नै यसको वरिपरि अष्ट भैरवहरु र मन्दिरको टुँडालहरुमा १०८ भैरवहरु राखिएका छन् । टोडल तंत्रका अनुसार महामृत्युञ्जयको दक्षिण तर्फ बगलामुखी स्थापित हुन्छ ।[१८] यसर्थ कुम्भेश्वर मन्दिर एक मात्र नेपालको महामृत्युञ्जय मन्दिर हो । स्वदेशी तथा विदेशी विद्वानहरुले यस मन्दिरका देवतालाई कुण्डका देवता, पानी भाँडो भित्रका देवता भनेका छन् । सर्वेश्वरको अंग्रेजी रूपान्तर गर्दा मेरि श्लसरले सर्वेश्वरलाई Lord Arrow Wielder भनिएको पाइन्छ भने कुम्भेश्वरलाई एक ठाउँमा Lord of the water pot भनिएको पाइन्छ ।[१९] तर आज यस स्थलको उचित समायोजन र संरक्षण हुन नसक्दा कुण्डमा पानीको अभाव हुन पुगेको छ, पोखरीमा पानी छैन, हिटीहरुमा पानी आउन छोडेको छ । यहाँ भएका अन्य मन्दिरहरु वा मूर्तिहरुको गलत नामाकरण भइरहेको छ । मन्दिरको उत्तरमा रहेको आकर्षक, सुन्दर चतुर्मुख शिवलिंगको मूर्ति खुल्ला स्थानमा रहनुको कारण, आगो, चिसोको कारण क्षति हुन गई पत्र पत्र निस्केर नासिने क्रममा छ । मन्दिरमा आउने भक्तहरुको एकोहोरो भक्तिको कारण नै यो मन्दिर खतरामा पर्न थालेको बुझ्न सकिन्छ । यो मन्दिर काठको अनुपम कलाको संयोजनबाट बनेको छ । भक्तजनहरु दिनहूँ जसो परिसरमा लाख बत्ती बाल्नाले धूवाँको कारण काष्ठको कलाकृति कालो हुनाको अतिरिक्त चर्किन पुगेको छ, साथै कुनै पनि बेला ठूलो आगलागी हुने खतरा त छँदैछ । टुँडालका भैरवहरु पहिचान गर्न जटिल बनेको छ । भैरवका यी काष्ठ मूर्तिहरुमा रंग खुइलिनु र आयुधहरु भाँचिनु, हराउनु प्रस्ट नदेखिनु र मन्दिरको जीर्णोद्धारका क्रममा यसलाई व्यवस्थित रुपमा मिलाएर राख्न नसक्नुले १०८ भैरवलाई चिन्न मुश्किल भएको छ । नेपालमा सर्वाधिक महत्व जुन देवतालाई मिलेको छ त्यो हो शिव र शक्ति । शिव र शक्तिको राष्ट्रिय उपस्थिति एवं सर्वव्यापकतामा कुनै संदेह छैन । यो पनि सत्य हो कि शिव र शक्ति राष्ट्रिय एकता तथा अखण्डताका प्रतीक हुन् । बडादशैं र शिवरात्रीको पर्व यसको सजीव उदाहरण हो । कुम्भेश्वर मन्दिरको परिसरले यस्तै राष्ट्रिय सांस्कृतिक धार्मिक महत्व वहन गरेको छ ।

## सन्दर्भ सूची


१. डब्लुडब्लुडब्लु.ललितपुर.ओआरजी.एनपी

२. हेमराज शाक्य, कुम्भेश्वर मन्दिर एक परिचय, ललितपुर : साहू श्री बेखानाथ श्रेष्ठ, वि.स.२०१८, पृष्ठ ४

३. छत्र बहादुर कायस्थ, कुम्भेश्वरया महिमा, काठमाण्डौं :सफूधूकु, ने.स.१११३, पृष्ठ ९५

४. डिल्लीरमण रेग्मी - मिडिएभल हिष्ट्री अफ नेपाल, भाग २ कलकत्ता :फर्मा के. एल मुखोपाध्याय १९६६, पृष्ठ ६०

५. मेरी एस श्लसर- नेपाल मण्डल, भाग १-२ न्युजर्सी, प्रिन्सटन युनिभर्सिटी, ई.स.१९८२, पृष्ठ १२९

६. पूर्ववत् (पाद टिप्पणी नं ४), पृष्ठ ८७३

७. वोल्फ ग्याङ्ग कर्न- द ट्रेडिसनल आरकिटेक्चर अफ द काठमाडौं भ्याली, काठमाडौं : रत्नपुस्तक भण्डार, सन् १९९३, पृष्ठ ६७

८. धनबज्र बज्राचार्य- लिच्छविकालको अभिलेख, काठमाडौं : सिनास, बि.सं. २०३०, पृष्ठ ३४०

९. स्टेलला क्रेमरिस- द आर्ट अफ नेपाल, अष्ट्रिया : द एसिया सोसाइटी, सन् १९६४ , पृष्ठ १६४

१०. पूर्ववत् (पाद टिप्पणी नं ७), पृष्ठ ६६

११. रोनाल्ड एम बर्नियर, - द टेम्पल्स अफ नेपाल, दिल्ली : सुल्तानन्द एन्ड के , ई.स.१९७८, पृष्ठ १०९

१२. पूर्ववत् (पाद टिप्पणी नं ४ ), पृष्ठ २७४

१३. सूर्य विक्रम ज्ञवाली, नेपाल उपत्यकाको मध्यकालीन इतिहास, काठमाडौं : नेपाल रोयल एकेडेमी, प्रथम संस्करण, २०१९, पृष्ठ १२२

१४. सिल्भा लेभी, ले नेपाल, पहिलोखण्ड, ललितपुर : हिमाल एसोसिएसन, सन् २००५, पृष्ठ २२३

१५. मन्दिर पुजारी माधव श्याम राजोपाध्यायसित (उमेर : ४९, मङ्गलबजार, ल.पु.) सोधपुछ गरिएको आधारमा

१६. पूर्ववत् (पाद टिप्पणी नं ११), पृष्ठ १२

१७. मुकुन्द अर्याल,"मृत्युञ्जय : ए नोभेल थीम ईन नेपालीज आर्ट", नेपालीजकल्चर, भो.३ सं.३, काठमाडौं : ने.ई.सं.पु.वि.-त्रि.वि.वि., १९८३–८४, पृष्ठ ३२

२८. सन्जय बुद्धिराजा, "मां वगलामुखीः कलयुग की संकटहारिणी" दिल्ली : फ्यूचर समाचार, मार्च २००८, पृष्ठ ३८

१९. पूर्ववत् (पाद टिप्पणी नं ५), पृष्ठ २२५



सर्वेश्वर मृत्युञ्जय मुखलिङ्ग



पाटन कुम्भेश्वर मन्दिर

# प्राचीन संवतको सन्दर्भमा अभिव्यक्त भएका मतहरु

- श्याम सुन्दर राजवंशी

प्राचीन अभिलेखहरुमा प्रयुक्त संवतलाई प्राचीन संवत भन्न सकिन्छ । त्यस्ता प्राचीन अभिलेखहरु संकलन गरी प्राचीन अभिलेख संग्रहको रुपमा प्रकाशित गर्दा कुनै विद्वानले "लिच्छविकालका अभिलेख" भनेर नाम दिए कुनै विद्वानले "नेपालका प्राचीन अभिलेख" भनेर नाम दिए भने कुनै विद्वानले प्राचीन अभिलेख मात्र भनेर पनि नाम दिए । यस्तै गरी अनेक व्यक्तिले अनेक शीर्षक दिए तापनि आखिर नेपालमा पाइएका प्राचीन अभिलेखहरु नै हुन् । ती अभिलेखमा अंकित लिपि र संवतका अंकको दाँजोमा मध्यकालका अभिलेखमा अंकित लिपि र संवत पृथक छन् । मध्यकालको अभिलेखमा केवल संवत मात्र भनिए तापनि त्यो नेपाल संवत नै हो भनी ठम्याउने गरिन्छ त्यसमा विवाद छैन । यद्यपि ती प्राचीन अभिलेखमा अंकित लिपि लिच्छवि लिपि भन्नुमा कसैको आपत्ती देखिदैन तर संवतलाई लिच्छवि संवत भन्न पाउने वा नपाउने त्यो भन्न कठीन छ । मध्यकालको अभिलेखमा संवत मात्र भनिए तापनि नेपाल संवत भन्न पाउने तर प्राचीन अभिलेखको संवत यही हो भन्न सहज नभएको कारणले गर्दा ती संवतको विषयमा अभिव्यक्त भएका विचारलाई अभिव्यक्त मत भन्नु पर्ने भएको छ ।

नेपालमा जुन प्रकारले प्रकट रुपमा मत देखापरेको छ त्यस मध्ये पहिलो मत पं भगवानलाल इन्द्रजीको मतलाई लिन सकिन्छ। उनी गुजरातका प्रसिद्ध भारतीय इतिहासकार थिए । उनले वि.सं. १९३७ मा नेपाल आएर केही प्राचीन अभिलखहरु संकलन गरी "Twenty Three Inscriptions from Nepal" नामक पुस्तक छपाए जस्मा पन्ध्रवटा अभिलेख मध्यकालका थिए भने आठ वटा लिच्छविकालका अभिलेख परे । यी अभिलेखहरु विश्लेषण व्याख्या गर्ने क्रममा मध्यकालको १५ वटा अभिलेखहरुको संवत नेपाल संवत भएकोले कुनै विवाद भएन बाँकी आठ वटा मध्ये अंशुवर्मा देखिको अभिलेखमा देखिएको एक थरि संवत र त्यो भन्दा अघिको देखिएको एक थरि संवत प्रत्यक्ष रुपले देखापरे। पछि विभिन्न विद्वानहरुले आफ्नो विचारमा ती संवतको सम्बन्धमा यो हो त्यो हो भन्न थाले र यसरी मत मतान्तरको क्रम शुरु हुन थाल्यो । त्यही मत मतान्तरलाई केन्द्रीकृत गरी आम पाठकहरुमा नराम्ररी प्रभाव पारेको र अन्यौलता हटाउन के कसरी मत मतान्तरले हाम्रो नेपालको इतिहासलाई नराम्रो असर पारेको छ ? अतः यो हो या होइन भनेर पाठकले सहजै छुट्टाउन सकियोस् भन्ने नै यो लेखको मुख्य अभिप्राय राखिएको छ ।

## पहिलो मत

पं. भगवानलाल इन्द्रजीले अभिव्यक्त गरेको मतमा उनले निश्चय गरे अनुसारः

क) मानदेव प्रथम देखि शिवदेव प्रथम सम्मका अभिलेखमा देखिएका संवत विक्रम संवत हुन् ।

Twenty Three Inscriptions from Nepal
Bombay, B.S. 1942, page 50-51

ख) अशुवर्मा देखिका अभिलेखमा देखिएको संवत वि.सं. ६६३ देखि उठेको हर्ष संवत हुन् ।

Ibid, page 45-46

उल्लेखित मत अनुसार नेपालमा प्राप्त भएको अभिलेखहरु तर्फ दृष्टि केन्द्रित गरी हेर्ने हो भने देहाय बमोजिम हुने हुन्छः

- राजा जयवर्माको संवत १०७ को अभिलेख विक्रम संवत १०७
- राजा शिवदेव प्रथम र अंशुवर्माको संवत ५२६ को लेलेको अभिलेखको संवत पनि विक्रम संवत ५२६
- त्यस्तै महासामन्त अंशुवर्माको संवत ५३६ को अभिलेखको संवत पनि विक्रम संवत ५३६
- त्यस्तै गरी महासामन्त अंशुवर्माको संवत २९ को अभिलेख संवत वि.सं. ६६३ बाट उठेको हर्ष संवत (२९+६६३)
- मानदेव चतुर्थको संवत ३०१ को सहोत्तरतन्त्रको पुष्पिका वाक्यको संवत पनि वि.सं. ६६३ बाट उठेको हर्ष संवत (३०१+६६३)

**तुलना**

| | |
|---|---|
| संवत १०७ | = विक्रम संवत |
| संवत ५३६ | = विक्रम संवत |
| संवत २९+६६३ | = वि.सं. ६९२ |
| संवत ३०१+६६३ | = वि.सं. ९६४ |

यसरी वि.सं. १०७ देखि वि.सं. ९६४ बीचको ८५७ वर्षको इतिहास नेपालको प्राचीन इतिहास हो भनेर मान्नु पर्ने हुन आउछ ।

**महासामन्त अंशुवर्माको सन्दर्भ**

- संवत ५१६ को भक्तपुर तुलाछेको अभिलेखमा अंशुवर्माको नाम सर्वप्रथम देखिनु
- संवत ५२६ सम्म शिवदेव अंशुवर्माको संयुक्त शासन देखिनु
- संवत ५३६ को अभिलेखमा अंशुवर्मा एकलको नाम देखिनु
- संवत २९ को वुंगमती अभिलेखमा अंशुवर्मा एकलको नाम देखिनु
- संवत ४५ को भोटाहिटीको अभिलेखमा अंशुवर्मा एकलको नाम देखिनु

यसबाट,

विक्रम संवत ५१६ देखि (४५+६६३ = वि.सं.७०८) सम्म महासामन्त अंशुवर्मा जीवित थिए भनेर मान्नु पर्ने हुन आउँछ ।

**नेपाल संवतको प्रारम्भ सन्दर्भ**

- नेपाल संवत प्रारम्भ हुनु भन्दा अघिको प्राप्त अभिलेखमा संवत ३०१ सहोत्तर तन्त्र ग्रन्थको पुष्पिका हो ।
- यतातिर नेपाल संवतको प्रारम्भ कसैको भनाइमा वि.सं. ९३६ र कसैको भनाइमा वि.सं. ९३७ रही आएको छ भने अर्कोतिर (३०१+६६३ = वि.सं. ९६४) छ ।

यसबाट,

इन्द्रजीको मतबाट हेर्दा हाल वि.सं. २०९३ हुनुपर्ने २०६७ होइन, नेपाल संवत प्रारम्भ पनि वि.सं. ९३६ होइन वि.सं. ९६४ पछि हुनुपर्ने हुन्छ ।

यी यावत कुराबाट नेपालको प्रामाणिक यथार्थ इतिहास संग कतै मेल खान आउँदैन यिनको मत व्यर्थ सावित हुन्छ ।

## दोश्रो मत

जोन फेथफुल फ्लीटले अभिव्यक्त गरेको मतमा उनले निश्चय गरेअनुसार:

क) मानदेव प्रथमको संवत ३८६ को अभिलेखको संवत वि.सं. ३७६ बाट उठेको गुप्त संवत हो ।
(भारतीय अभिलेख संग्रह तेश्रो भाग इन्डोलोजिकल बूक हाउस वाराणसी वि.सं. २०२७ पृष्ठ ९६-९७)

ख) अंशुवर्मा देखिको अभिलेखमा देखिएको संवत हर्षसंवत हो भन्ने भगवानलाल इन्द्रजीको मत उनले पनि सकारेको तर वि.सं. ६६२ वाट उठेको भनी माने
(ऐजन - पृष्ठ १७८-१७९)

उल्लेखित मत अनुसार नेपालको प्राचीन अभिलेख माथि विचार गर्दा यस प्रकार देखापर्ने हुन्छ

जयवर्माको संवत १०७ + ३७६ = वि.सं. ४८३
चाँगुको संवत ३८६ + ३७६ = वि.सं. ७६२

गोकर्ण वालुवा गाउँको

संवत ५३६+३७६=वि.सं. ९१२

त्यस्तै गरी

बुङमतीको संवत २९ + ६६२ = वि.सं. ६९१

भोटाहिटीको संवत ४५ + ६६२ = वि.सं. ७०७

सहोत्तर तन्त्रको संवत ३०१ + ६६२ = वि.सं. ९६३

\

यसबाट महासामन्त अंशुवर्माको समय अस्वाभाविक भए तापनि मान्नुपर्ने हुन आउने भयो ताकि वि.सं. ७०७ मा मृत्यु भैसकेको व्यक्ति फेरि पुनः वि.सं. ९१२ मा देखापऱ्यो यो हुन सक्दैन ।

## महासामन्त अंशुवर्माको सन्दर्भ

महासामन्त अंशुवर्माको नाम शिवदेव प्रथम संग संवत ५१६ देखि ५२६ सम्म निरन्तर देखिन्छ त्यसपछि संवत ५३६ मा अशुवर्माको एकल नाम देखियो, संवत २९ देखि संवत ४५ सम्म पनि निरन्तर उनकै एकल नाम अभिलेखहरुमा देखियो ।

५१६ + ३७६ = वि.सं. ८९२

५२६ + ३७६ = वि.सं. ९०२

५३६ + ३७६ = वि.सं. ९१२

२९ + ६६२ = वि.सं. ६९१

४५ + ६६२ = वि.सं. ७०७

यसबाट,

अभिलेखको संवतबाट भन्नु पर्दा संवत ५१६ भनेको अघि र संवत २९ को क्रम पछि हुनु पर्नेमा अघि देखापर्ने भएको त्यति मात्र होइन वि.सं. ६९१-७०७ समयको अंशुवर्मा फेरि वि.सं. ८९२-९१२ सम्म देखापर्नु भनेको असम्भव हो ।

## नेपाल संवतको सन्दर्भमा

गुप्त संवत र विक्रम संवतको बीचमा ३७६ वर्षको फरक छ । नेपाल संवतको आरम्भ वि.सं. ९३६ मा भएको हो तदनुसार ९३६ - ३७६ = गुप्त संवत ५६० हुन आउछ । नेपालमा प्राप्त अभिलेखमा संवत ३८६ को क्रम संवत ५३६ मा गएर टुङ्गिन्छ । संवत ३८६ पनि गुप्त संवत ५३६ पनि गुप्त संवत मानेको खण्डमा ५६०-५३६ = २४ वर्ष देखिनाले महासामन्त अंशुवर्माको शासनको लगत्तै नेपाल संवतको आरम्भ भएको भन्नु पर्ने हुन्छ जुन कुरा इतिहासमा मिल्दैन ।

## विक्रम संवतमा खोट

हाल नेपाल संवत ११३१ को वर्षमा चली रहेको छ । यसको भुक्त वर्ष भनेको ११३० हो । ल्फीटको मत अनुसार ११३० वर्ष अघि गुप्त संवत ५६० हो किनकि विक्रम संवत ९३६-३७६ गर्दा ५६० आउछ ।

ग.सं. ५६० + ११३० = गुप्त संवत १६९० (हाल)

१६९० + ३७६ = वि.सं. २०६६ (हाल)

यसबाट,

हालको नेपाल संवत ११३१ हो भने विक्रम संवत कति हुनु पऱ्यो भन्दा २०६६ मात्र आउछ २०६७ आएन ।

यी यावत कुराबाट नेपालको प्रामाणिक यथार्थ इतिहासमा कही मेल खाँदैन अत यिनको मत व्यर्थ सावित हुन्छ।

# तेश्रो मत

सिल्भान लेभीले अभिव्यक्त गरेको मतमा उनले निश्चय गरे अनुसार -

क) मानदेव प्रथम देखि शिवदेव प्रथम सम्मका अभिलेखमा देखिएका संवत वि.सं. १६७ बाट उठेको लिच्छवि संवत हुन् ।

(ल नेपाल तेश्रो भाग अंग्रजी अनुवादको पृष्ठ ७)

ख) अंशुवर्मा देखि अभिलेखमा देखिएका संवत वि.सं. ६५२ बाट उठेको भोटे संवत हुन् ।

(ल नेपाल दोश्रो भाग पृष्ठ १५४)

उल्लेखित मत अनुसार नेपालमा प्राप्त भएको अभिलेखहरु तर्फ दृष्टि केन्द्रित गरी हेर्ने हो भने देहाय बमोजिम हुने हुन्छ ।

- राजा जयवर्माको संवत १०७ लिच्छवि संवत र १०७+१६७ = वि.सं. २७४ हुन्छ ।
- मानदेव प्रथमको संवत ३८६ लिच्छवि संवत र ३८६+१६७ = वि.सं. ५५३ हुन्छ ।
- अंशुवर्माको संवत ५३६ लिच्छवि संवत र ५३६+१६७= वि.सं. ७०३ हुन्छ ।

त्यसतै गरी,

- अंशुवर्माको संवत २९ भोटे संवत २९ + ६५२ = वि.सं. ६८१
- सहोत्तर तन्त्रको संवत ३०१ भोटे संवत ३०१ + ६५२ = वि.सं. ९५३

**महासामन्त अंशुवर्माको सन्दर्भमा**

- संवत ५१६ भक्तपुर को अभिलेखमा अंशुवर्माको नाम सर्वप्रथम देखापरेको
- संवत ५२६ सम्म शिवदेव अंशुवर्माको संयुक्त शासन देखिनु
- संवत ५३६ को अभिलेखमा अंशुवर्मा एकलको नाम देखिनु
- संवत २९ को वुगमती अभिलेखमा अंशुवर्माको एकल नाम देखिनु
- संवत ४५ को भोटाहिटीको अभिलेखमा अंशुवर्माको नाम देखिनु

**तुलना**

लि. संवत ५१६ + १६७ = वि.सं. ६८३
लि. संवत ५२६ + १६७ = वि.सं. ६९३
लि. संवत ५३६ + १६७ = वि.सं. ७०३
भोटे संवत २९ + ६५२ = वि.सं. ६८१
भोटे संबत ४५ + ६५२ = वि.सं. ६९७

यसबाट महासामन्त अंशुवर्मा वि.सं. ६९७ मा मृत्यु भएको देखि सकेपछि लि.सं. ५३६ को अभिलेख पछि फेला परेको हुँदा फेरि वि.सं. ७०३ मा अंशुवर्मा फेरि जिउदो रुपमा देखियो भन्नुपर्ने हुन्छ यथार्थमा यसो हुँदैन ।

**नेपाल संवतको सन्दर्भमा**

लेभीको मत अनुसार जसरी संवत २९ भनेको वि.सं. ६५२ बाट उठेको भोटे संवत हो त्यस्तै गरी संवत ३०१ भने पनि वि.सं. ६५२ बाट उठेको भोटे संवत भयो ।

संवत २९ + ६५२ = वि.सं. ६८१
संवत ३०१ + ६५२ = वि.सं. ९५३

वास्तवमा नेपाल संवतको प्रारम्भ वि.सं. ९३६ देखि हो तर वि.सं. ९५३ सम्म त भोटे संवत ३०१ चली रहेको हुने देखियो । वि.सं. ९५३ पछि मात्रै नेपाल संवतको प्रारम्भ भयो भन्ने हो भने ११३० वर्ष पछिको विक्रम संवतको अवस्था कस्तो होला ।

९५३ + ११३० = वि.सं. २०८३

हाल नेपाल संवत ११३१ हो भने वि.सं. २०८४ हुनु पर्दथ्यो । अतः यिनको मत व्यर्थ हो भन्ने सावित हुन्छ ।

## चौथो मत

के.जी शङ्करले अभिव्यक्त गरेको मतमा उनले गरेको निश्चय अनुसार

क) मानदेव प्रथमको संवत ३८६ को अभिलेखको संवत वि.सं. ९१ बाट उठेको लिच्छवि संवत हो ।
(लिच्छवि संवतको निर्णय ने.रा.प्र.प्र. पृष्ठ ४७८)

ख) अंशुवर्मा देखिको अभिलेखमा देखिएको संवत वि.सं. ५९५ बाट उठेको यशोधर्म संवत हो ।
(दि अरलि क्रोनलअजि अफ नेपाल, भाग ११ पृष्ठ ३०९)

उल्लेखित मत अनुसार नेपालको प्राचीन अभिलेख माथि विचार गर्दा यस प्रकार देखापर्ने हुन्छ

संवत १०७ को जयवर्माको अभिलेख
संवत १०७ + ९१ = वि.सं. १९८
संवत ३८६ को चाँगुको अभिलेख
संवत ३८६ + ९१ = वि.सं. ४७७
संवत ५३६ को गोकर्ण वालुवा गाउँकोको अभिलेख
संवत ५३६ + ९१ = वि.सं. ६२७

त्यस्तै गरी

संवत २९ को वुगमतीको अभिलेख
संवत २९ + ५९५ = वि.सं. ६२४
संवत ३०१ + ५९५ = वि.सं. ८९६

यसबाट,

राजा जयवर्मा देखि मानदेव चतुर्थ सम्मको प्राचीन इतिहास वि.सं. १९८ देखि वि.सं. ८९६ गरी जम्मा ६९८ वर्ष मात्र देखिने भयो वास्तवमा गलत हो ।

**महासामन्त अंशुवर्माको सन्दर्भमा**

महासामन्त अंशुवर्माको नाम प्राचीन अभिलेखमा संवत ५१६ को अभिलेखहरु देखि देखा परेको पाइन्छ त्यसपछि

संवत ५२६ सम्म नै शिवदेव प्रथम संग संयुक्त शासनको रुपमा देखापरे त्यसपछिको अभिलेखमा अंशुवर्मा एकल कै नाम मात्र देखा परे वि.सं. ६२४ देखि वि.सं. ५९५ बाट उठेको यशोधर्म संवतको प्रयोग गर्नेले वि.सं. ६२७ मा आएर पुन वि.सं. ९१ बाट उठेको लिच्छवि संवत कै प्रयोग गर्ने भन्ने अनौठो परिकल्पना गरेको छ वास्तवमा यसतो सम्भव हुँदैन।

संवत ५१६ + ९१ = वि.सं. ६०७
संवत ५२६ + ९१ = वि.सं. ६१७
संवत ५३६ + ९१ = वि.सं. ६२७
संवत २९ + ५९५ = वि.सं. ६२४
संवत ४५ + ५९५ = वि.सं. ६४०

**नेपाल संवत को सन्दर्भमा**

के जी शंकरको मत अनुसार संवत ३०१ भनेको वि.सं. ५९५ बाट उठेको यशोधर्म संवत भयो।

संवत ३०१ + ५९५ = वि.सं. ८९६

यता वि.सं. ९३६ मा नेपाल संवतको आरम्भ हुँदा यशोधर्म संवत कति पुग्यो भन्ने कुरा आउँछ।

वि.सं. ९३६ - वि.सं. ८९६ = ४० वर्ष

यही ४० वर्ष यशोधर्म संवतमा जोड्ने हो भने

३०१ + ४० = ३४१

वास्तवमा सहोत्तर तन्त्रको संवत ३०१ बाट ३०३ हुदा नै नेपाल संवत आरम्भ भएकोले के जी शंकरको मत व्यर्थ सावित हुन्छ।

## पाँचौ मत

इतिहास शिरोमणि वावुराम आचार्यले अभिव्यक्त गरेका मत हो यसमा उनले गरेको निश्चय अनुसार

क) मानदेव प्रथमको संवत ३८६ को अभिलेखको संवत वि.सं. १३५ बाट उठेको शक संवत हो।
नेपालका लिच्छवि सजाहरुका कालगणना (प्रस्तावना)
-शारदा वर्ष ५ अंक ११ वि.सं. १९९६

ख) अंशुवर्मा देखि अभिलेखमा देखिएको संवत वि.सं. ६३३ बाट उठेको मानदेव संवत हो।
(ऐजन)

उल्लेखित मत अनुसार नेपालको प्राप्त प्राचीन अभिलेख माथि विचार गर्दा यस प्रकारको देखिने हुन्छ

- संवत १०७ को जयवर्माको अभिलेख
  संवत १०७ + १३५ = वि.सं. २४२
- संवत ३८६ को मानदेवको चाँगु अभिलेख
  संवत ३८६ + १३५ = वि.सं. ५२१
- संवत ५३६ को गोकर्ण वालुवा गाउँको अभिलेख
  संवत ५३६ + १३५ = वि.सं. ६७१

त्यसै गरी

- संवत २९ को वुगमतीको अभिलेख
  संवत २९ + ६३३ = वि.सं. ६६२
- संवत ३०१ को सहोत्तर तन्त्रको पुष्पिका वाक्य
  संवत ३०१ + ६३३ = वि.सं. ९३४

सुमतितन्त्र अनुसार मानदेव संवत ३०४ सम्म चल्यो भनिएकोले संवत ३०४ + ६३३ = वि.सं. ९३७ यसबाट नेपालको यथार्थ इतिहासमा द्विविधा उत्पन्न गराइ दिएको देखियो।

वि.सं. ६६२ देखि महासामन्त अंशुवर्माले शक संवत छोडेर मानदेव संवत प्रयोग गरे तर वि.सं. ६७१ मा आएर पुनः उनले शक संवत नै किन प्रयोग गरे ? यसको जवाफ छैन।

अर्को कुरा वि.सं. ९३७ सम्म त मानदेव संवत नै व्यवहार भै रहेको देखिए पछि वि.सं. ९३८ मा आएर वल्ल नेपाल संवतको आरम्भ भयो भन्नु पर्ने हुन्छ तर वि.सं. ९३६ मा नै नेपाल संवत आरम्भ भएको नेपालको इतिहास जग जाहेर छ यस बारे पनि प्रश्नको जवाफ छैन।

अतः यिनको मत पनि व्यर्थ सावित हुन्छ।

## छैठौं मत

इतिहासकार बालचन्द्र शर्माले अभिव्यक्त गरेका मत हो यसमा उनले निश्चय गरे अनुसार

क) मानदेव प्रथमको संवत ३८६ को अभिलेखको क्रमको संवत वारेमा केही पनि वोलेको देखिंदैन।

ख) अंशुवर्मा देखिको अभिलेखमा देखिएको संवत २९ को क्रमको अभिलेखको संवत वि.सं. ६२८ बाट उठेको ठकुरी संवत भनी मान्नु भएको छ।
(नेपालको ऐतिहासिक रुपरेखा द्वितीय सस्करण कृष्ण कुमारी देवी वाराणसी वि.सं. २०२२ पृष्ठ ८६)

उल्लेखित मत अनुसार नेपालको प्राचीन अभिलेख माथि विचार गर्दा यस प्रकार देखापर्ने हुन्छ

वुंगमतीको संवत २९ + ६२८ = वि.सं. ६५७
भोटाहिटीको संवत ४५ + ६२८ = वि.सं. ६७३
सहोत्तर तन्त्रको संवत ३०१ + ६२८ = वि.सं. ९२९

उहाँको यो मत मानेर इतिहासको काल क्रम मिलाउदा ५ वर्षको इतिहास गुम हुने देखापर्छ। इतिहासमा ५ वर्षको हिसाव भनेको निक्कै ठूलो अन्तर हो।

## महासामन्त अंशुवर्माको सन्दर्भ

पहिलो थरि अभिलेखको क्रममा हेर्दा अंशुवर्माको नाम संवत ५१६ को अभिलेख देखि संवत ५३६ सम्म देखापरेको र दोश्रो थरि अभिलेखको क्रममा हेर्दा संवत २९ देखि संवत ४५ सम्म देखापरेको पाइन्छ। पहिलो थरि संवत र दोश्रो थरि संवत वीचको अन्तर सम्बन्ध प्रष्ट नपारिएको हुनाले महासामन्त अंशुवर्माको स्पष्ट इतिहास दिन सकेको छैन।

## नेपाल संवतका सन्दर्भ

वि.सं. ६२८ बाट उठेको ठकुरी संवत भनिएकोमा संवत २९ बाट शुरु भएर संवत ३०१ सम्म जारी रहेको कुरा प्राप्त अभिलेखबाटै प्रष्ट हुन्छ। मुख्यतः संवत ३०१ कहाँ सम्म लगत्तै चलेर कतिमा टुङ्गिएपछि नेपाल संवत देखा पऱ्यो भन्ने नै सवाल आउँछ।

खास गरि वि.सं. ९३६, इ.सं. ८७९, शक ८०१ मा नेपाल संवत आरम्भ भएको किटानी मान्यता तर्फ हेर्दा संवत ३०१ भनेको वि.सं. ९२९ भए पनि वि.सं. ९३६ पुग्न ठकुरी संवत ३०८ पुगेको हुनु पऱ्यो। वास्तवमा यो विल्कूल निराधार सावित हुन आउछ।

# सातौं मत

रमेश चन्द्र मजुमदारले अभिव्यक्त गरेको मतमा उनले निश्चय गरे अनुसार

क) मानदेव प्रथमको संवत ३८६ को क्रमको अभिलेखको संवत वि.सं. १३५ वाट उठेको शक संवत हो।

क्रोनोलोजी अफ अर्लि किङ्स अफ
नेपाल वि.सं. २००२

ख) अंशुवर्मा देखिको अभिलेखमा देखिएको संवत २९ को क्रमको संवत वि.सं. १३५ बाट उठेको संवतबाट ५०० लाई छोट्याई ५२९ को सट्टा २९ मात्र गरिएको शक संवत हो।

(ऐजन)

उल्लेखित मत अनुसार नेपालको प्राचीन अभिलेख माथि विचार गर्दा यस प्रकार देखापर्ने हुन आउछ

जयवर्माको संवत १०७ + १३५ = वि.सं. २४२
चाँगुको संवत ३८६ + १३५ = वि.सं. ५२१
गोकर्ण वालुवा गाउँको संवत
५३६ + १३५ = वि.सं. ६७१

त्यसै गरी

बुङ्मतीको संवत २९ (५२९) + १३५ = वि.सं. ६६४
भोटाहिटीको संवत ४५ (५४५) + १३५ = वि.सं. ६८०
सहोत्तर तन्त्रको संवत ३०१ (८०१) + १३५ = वि.सं. ९३६

यसबाट,

एकातिर अंशुवर्मा (५१६-५३६) गर्दा वि.सं. ६५१ देखि ६७१ सम्म लगत्तै अभिलेखमा देखिनु अर्को तिर वि.सं. ६६४ देखि ६८० सम्म पनि देखिनुलाई विशेष ध्यान दिइ विश्लेषण गर्नु पर्ने हुन आउँछ। जब वि.सं. ६६४ बाटै पुरानो क्रमको संवतबाट क्रमभंग भैसकेको भए पुरानो संवत वि.सं. ६७१ सम्म देखिनुपर्ने थिएन यो कुराको राम्रो मूल्याङ्कन मजुमदारको निश्चयबाट हुन सक्ने सम्भावना छैन।

## महासामन्त अंशुवर्माको सन्दर्भ

रमेश चन्द्र मजुमदारको भनाइ अनुसार महासामन्त अंशुवर्माको नाम तत्कालीन सत्तामा वि.सं. ६५१ देखि ६८० सम्म अनवरत २९ वर्ष रहेको बुझियो। यिनको २९ वर्ष सम्मको लामो शासन कालमा दुइ थरिको संवत व्यवहार भएको पनि देखिने भयो तर किन यसरी दुइ थरिको संवत प्रयोग गर्नु पर्ने अवस्था आयो भन्ने सम्बन्धमा उनको भनाइ स्पष्ट हुन सकेको पाइन्दैन।

खैर यस सम्बन्धमा पनि प्रत्येक व्यक्तिको एउटा एउटा तर्क होला तर सबभन्दा चुनौतीको कुरो यो छ कि यिनको कार्यकालमा प्रशारित संवत ५३१ संवत ५३४ र संवत ५३६ का अभिलेखमा अधिमास देखापरेको देखियो जुन शक ५३१, शक ५३४ र शक ५३६ मा अधिमास परेको थियो

भन्ने शास्त्रीय रुपले सिंद्ध गर्न सक्ने सम्भावना विल्कूलै शून्य छ । किनकि यी शक वर्षमा अधिमास पर्दैन ।

### नेपाल संवतको सन्दर्भ

रमेश चन्द्र मजुमदारको भनाइ अनुसार सहोत्तर तन्त्रको पुष्पिकामा अंकित संवत ३०१ भनेको शक ८०१ हुन्छ । शक ८०१ भनेको वि.सं. ९३६ हुन्छ । एकातिर वि.सं. ९३६ ई.सं. ८७९ शक ८०१ मा नेपाल संवतको आरम्भ भएको प्रामाणिक इतिहास छ भने अर्को तिर नेपालमा ५०० छोटयाइएको शक ३०१ पनि यथावत चलीरहेको देखिने भएबाट यिनको मतमा तालमेलको अभाव स्वतः देखियो । यसको अर्थ संक्षिप्त शक ३०१ बाट ३०२ नै हुन पाएन भन्ने बुझिने हुनुपर्‍यो तर त्यो सम्भव छैन । किनकि सुमतितन्त्र बाट भन्नुपर्दा संवत ३०४ सम्म गइ सकेपछि मात्र नेपाल संवत देखिनु पर्ने भन्ने छ ।

## आठौं मत

डा. हित नारायण झाबाट अभिव्यक्त भएको मतमा उनले निश्चय गर्नु भए अनुसार

क) मानदेव प्रथमको संवत ३८६ को क्रमको अभिलेखको संवत वि.सं. १३५ बाट उठेको शक संवत हो ।

ख) अंशुवर्मा देखिको अभिलेखमा देखिएको संवत २९ को क्रमको अभिलेखको संवत वि.सं. ६३१ बाट उठेको अंशुवर्मा संवत भनी मानेको छ ।

द लिच्छविज चौखम्बा संस्कृत सिरिज
अफिस कोशी वि.सं. २०२७

उल्लेखित मत अनुसार नेपालको प्राचीन अभिलेख माथि विचार गर्दा यसप्रकार देखापर्ने हुन्छ

बुङ्मतीको संवत २९ + ६३१ = वि.सं. ६६०
भोटाहिटीको संवत ४५ + ६३१ = वि.सं. ६७६
सहोत्तर तन्त्रको संवत ३०१ + ६३१ = वि.सं. ९३२

यसबाट,

महासामन्त अंशुवर्मा वि.सं. ६६० देखि वि.सं. ६७६ सम्म निरन्तर शासन सत्तामा थिए भन्ने देखिए तर अभिलेखको संवत ५१६ देखि संवत ५३६ सम्म जुन देखापरे उनको नाम यसबारे कुनै चासो नदिनु स्वयंमा विवाद हो ।

### महासामन्त अंशुवर्माको सन्दर्भ

डा. हित नारायण झाको भनाई अनुसार वि.सं. ६६० देखि वि.सं. ६७६ सम्म महासामन्त अंशुवर्मा सत्तामा थिए । जुन अभिलेखको संवत ५१६ देखि संवत ५३६ सम्म पनि अंशुवर्माको नाम देखियो । यी दुवै संवतको वीचको अन्तर सम्बन्ध उहाँले प्रष्टयाएको छैन ।

खैर अंशुवर्माको पालाका यी दुवै थरि संवतमा पनि अधिमासको चर्चा आएको छ जस्तै संवत ३१ र संवत ३४ मा अधिमास उल्लेख आएको पाइन्छ भने संवत ५३६ को अभिलेखमा पनि अधिमास उल्लेख छ यसवारे विल्कूल मौन हुनु स्वयममा विवाद हो ।

### नेपाल संवतको सन्दर्भ

डा. हितनारायण झाको भनाइबाट वि.सं. ९३२ मा अंशुबर्मा संवत ३०१ हुने भएपछि वि.सं. ९३५ मा अंशुवर्मा संवत ३०४ हुने हुन्छ र नेपाल संवतको आरम्भ वि.सं. ९३६ मा भएकोले आफ्नो मत सही हो भन्ने उहाँलाई लागेको बुझिन्छ ।

वास्तवमा उनले भने बमोजिम संवत ३१, संवत ३४ संवत ३०१ अंशुवर्मा संवत थियो र वि.सं. ६३१ वाट उठेको थियो भने ती संवतमा बार, नक्षत्र, योग, अधिमास आदि देखा परेकोलाई कसरी मूल्याङ्कन गर्ने भन्ने कुरामा उहाँ मौन छ ।

## नवौं मत

पं. हेमराज शर्माद्वारा अभिव्यक्त मत हो । उनको मत के.पि. जायसवालले आफ्नो पुस्तक Chronology and History of Nepal मा दिइएको छ ।

खासगरी पं. हेमराज शर्माको मत भन्नु र इतिहास शिरोमणि बाबुराम आचार्यको मत भन्नु ठयाक्कै उही हो तर पं. शर्माले सुमतितन्त्र नामक ग्रन्थलाई प्रमाणको रुपमा अघि सारेको मात्रै थप विशेषता देखिन्छ ।

यद्यपि संवत समस्यालाई तह लगाउन नसकी समस्या यथावत नै कायम रहे । किन भने सुमतितन्त्र अनुसार

- शक ४९८ बाट मानदेव संवत नामक अर्को संवतको उठान भयो । महासामन्त अशुवर्माले बुङ्मतीको अभिलेखमा अंकित गराएको संवत २९ त्यही मानदेव संवत हो । अचम्मको कुरो मानदेव संवतको उठान

भए तापनि पुरानै क्रमको संवत चली रहनुलाई लिन सकिन्छ ।

- मानदेव संवत उठान भएको २८ वर्ष पछि संवत २९ को रुपमा देखा परे त्यसपछि त पुरानो संवत देखापर्नु नपर्नेमा देखिएको हुनु । जस्तो संवत ५१६ देखि ५३६ लाई कुनै सम्बोधन गर्न नसक्नु ।
- सुमतितन्त्रलाई मान्यता दिए मानदेव संवत ३०४ वर्ष चलेको स्वीकार गर्नु पर्ने । मानदेव संवत ३०४ वर्ष चल्यो भनी मान्यौ भने मानदेव संवत ३०१ हुँदा शक ८०० इश्वी ८७८ र वि.सं. ९३५ भयो भनी मान्नु पर्ने र मानदेव संवत ३०४ पछि शक ८०१, इ.सं. ८७९ वि.सं. ९३६ हुन आउछ यो संभव छैन ।

## दशौं मत

शंकर मान राजवंशीद्वारा अभिव्यक्त मत हो । उहाँले निश्चय गर्नु भए अनुसार

क) मानदेव प्रथमको संवत ३८६ को अभिलेखको क्रमको संवत शक पूर्व २२ अर्थात् वि.सं. ११३ बाट उठेको लिच्छवि संवत हो ।

लिच्छवि संवतको निष्कर्ष,
दिलीपमान राजवंशी काठमाडौं वि.सं. २०३०

ख) अंशुवर्मा देखि अभिलेखमा देखिएको संवत २९ वि.सं. ६०९ बाट उठेको अंशुवर्मा संवत हो ।

(ऐजन)

उल्लेखित मत अनुसार नेपालको प्राप्त अभिलेख माथि विचार गर्दा यस प्रकारको देखिने हुन्छ

संवत १०७ को जयवर्माको अभिलेख
संवत १०७ + ११३ = वि.सं. २२०
संवत ३८६ को चाँगु नारायणको स्तम्भ अभिलेख
संवत ३८६ + ११३ = वि.सं. ४९९
संवत ५३६ को गोकर्ण वालुवा गाउँको अभिलेख
संवत ५३६ + ११३ = वि.सं. ६४९

त्यसतै गरी

संवत २९ को वुंगमतीको अभिलेख
संवत २९ + ६०९ = वि.सं. ६३८
संवत ३०१ को सहोत्तर तन्त्रको पुष्पिका वाक्य
संवत ३०१ + ६०९ = वि.सं. ९१०

उहाँको मत के कति कारणले अस्वीकृत हुने भन्दा पनि नेपालका इतिहासका घटनावली संग आद्योपान्त मेल नखाने नै एउटा प्रमुख दोष हो भने अर्को अहिले नेपाल संवत ११३१ चली रहेको छ आज्भन्दा ११३० वर्ष अघि वि.सं. ९३६, ई.सं. ८७९ र शक ८०१ थियो सम्म पनि भन्न नपाइने किसिमको हुनु नै मुख्य दोष हो ।

## एघारौं मत

पं. नयराज पन्तद्वारा अभिव्यक्त भएको मत हो । उनले यो मत आफ्नो पुस्तक लिच्छवि संवतको निर्णयमा दिइएको छ । उनले निश्चय गरे अनुसारको मत भन्नु भन्दा पनि भिन्न विशेषता उनको के भन्ने हो । खास गरि पं. नयराज पन्तको मत भन्नु र यस अघिका इतिहास शिरोमणी बाबुराम आचार्य र पं हेमराज शर्माको मत भन्नु ठयाक्कै उही हो । मुख्य विशेषता भनेको अभिलेखमा देखापरेका अधिमास र वार सहितको तिथि मिति भएको अभिलेखका मितिलाई गणनाको माध्यमबाट सिद्ध गर्न खोजिएको देखिन्छ । यस अघि बाबुराम आचार्य र पं. हेमराज शर्माले वार सहितको अभिलेखको गणनालाई आधार बनाइएको थिएन । तर पं. नयराज पन्तको गणनामा पनि खोट छ भन्नु पर्दा आश्चर्य लाग्नु स्वाभाविक छ किनकि इतिहास र गणनाको क्षेत्रमा उहाँको ओजको वयान गरेर साध्य छैन तैपनि उहाँ इश्वर होइन मानव नै भएकोले भूल अक्सर मानवबाटै हुने गर्दछ । जस्तै

क) विक्रम संवत बैशाखमा फेरिन्छ भने शक संवत चैत्रमा फेरिन्छ यो सबैलाई थाहा भएको कुरो हो । त्यस्तै गरी नेपाल संवत कार्तिकमा फेरिने संवत हो भने लिच्छविकालका अभिलेखहरुमा देखापरेको दुई थरिका संवत नै पनि नेपाल संवत जस्तै कार्तिकमा फेरिने कार्तिकादि संवत थिए यो कुरा स्वयं नयराज पन्तले धेरै ठाउँमा चर्चा गरेको छ । बहुत आश्चर्य विक्रम संवतबाट १३५ घटायो भने शक संवत हुन्छ त्यो पत्याउन सकिन्छ विक्रमसंवत पोहर कार्तिकमा २०६६ थिए भने बैशाखमा २०६७ हुने हुन्छ तर पोहर ने.सं. कार्तिकमा ११३० भएको थियो भने अस्ति बैशाखमा पनि ११३० नै थिए र वि.सं. २०६६ बाट २०६७ भए जस्तै ने.सं. ११३० बाट ११३१ बनाउन कुनै हालतमा पाइन्दैन यो कुरा बुझाइ राख्नु पर्ने

विषय नै होइन । तर पं. नयराज पन्तले वार समेत उल्लेख भएको दुइटा अभिलेखहरुको जस्तै

चाँगु नारायणको संवत ३१ को गरुडकवचको अभिलेख र संवत ३०१ को सहोत्तर तन्त्रको पुष्पिका वाक्य अभिलेखमा भएको तिथि मितिको हिसाव गर्दा एकातिर त्यसवेलाका शक संवत पनि कार्तिकादि र मानदेव संवत पनि कार्तिकादि भन्ने अर्को तिर वि.सं ६६४ को कार्तिक देखि वि.सं. ६६५ को आश्वीन सम्म रहन्छ भन्दै कार्तिकादि शक पनि कार्तिकमा ५२९ हुन्छ भने बैशाखमा ५३० हुन्छ भन्नु र मानदेव संवत कार्तिकमा ३१ हुन्छ भने बैशाख पुगेपछि ३२ हुन्छ गरेका छन् ।

त्यस्तै गरी वि.सं. ९३४ को कार्तिक देखि वि.सं. ९३५ को आश्वीन सम्म मानदेव संवत ३०१ हुन्छ पनि भन्ने अर्कोतिर कार्तिकादि शक कार्तिकमा ७९९ र बैशाखमा ८०० हुन्छ कार्तिकमा ३०१ भए बैशाखमा ३०२ हुने हिसाव देखाइएको छ ।

ख) त्यस्तै अर्को खोटको रुपमा सुमतितन्त्रको गलत प्रयोग पनि हो । उहाँको मतलाई मान्यता दिए मानदेव संवतको कुरो अगाडि आउँछ। मानदेव संवतलाई पनि मान्यता दिइयो भने मानदेव संवत ३०४ वर्ष सम्म चल्यो भनी मान्नु पर्ने बाध्यता आइपर्छ । मानदेव संवत ३०१ हुँदा शक ८०० इश्वी ८७८ र वि.सं. ९३५ हुने हिसाव पनि उहाँ स्वयंबाट प्रस्तुत भएको छ (हेर्नुहोस् लिच्छवि संवतको निर्णय पृष्ठ १९) । जव मानदेव संवत ३०१ भनेको शक ८०० हुन्छ भने मानदेवसंवत ३०४ भनेको शक कति हुने भयो ? सामान्यतः यो हिसाव जसले पनि गर्न सकिने कुरो हो ।

तव मानदेव संवत ३०४ पछि शक ८०१ इश्वी ८७९ वि.सं. ९३६ कसरी सम्भव छ।किनकी नेपाल संवतको प्रारम्भ मानदेव संवत ३०४ पछि भएको भएं र नेपाल संवत प्रारम्भ शक ८०१ इश्वी ८७९ वि.सं. ९३६ कार्तिक शुक्ल प्रतिपदा मा भएको तथ्यलाई उहाँको मतले कुनै सम्बोधन भएन भन्ने कुरा प्रष्ट हुन्छ ।

## उपसंहार

यस प्रकारले प्राचीन अभिलेखहरुमा देखा परेका संवतको कालक्रम र इतिहासलाई सही ठाउँमा राखेर हेर्ने प्रमाण स्वरुप ती अभिव्यक्त मतहरु सबै इतिहास संग असंगत देखिएको र वार नक्षत्र अधिमास उल्लेख भएका प्रशस्त अभिलेखहरु ठोस प्रमाणको रुपमा प्राप्त हुँदै गएको हुँदा पहिलेका मान्यताहरु विस्तारै भत्केर जानु स्वाभाविक थियो । सोही क्रममा गोकर्ण वालुवा गाउँमा भेटिएको संवत ५३६ को अभिलेख प्राप्त भएबाट गुजुल्टो परेका इतिहासका कालक्रम यसले मिलाउन मद्दत पुऱ्याएको हो । संवत ५३६ भन्दा अघिका सवै अभिलेखका संवत शक संवत हुने केवल संवत ५३६ मात्र शक संवत होइन भन्न मिल्ने युक्ति संगतै होइन । जव संवत ५३६ को अभिलेखलाई पनि शक ५३६ भन्न थालिन्छ तव शक ५३६ मा अधिमास पर्दछ भनी सिद्ध गर्ने शास्त्रहरु देखाउनु पर्ने हुन्छ । ताकि शक ५३६ मा अधिमास नै पर्दैन । अतः प्राचीन इतिहासको कालक्रम मिलाएर अध्ययन गर्न गोकर्ण वालुवा गाउँको अभिलेखलाई समेट्नु पऱ्यो नै होइन भने नेपालको इतिहास पक्षपात पूर्ण नै रहने भयो भन्नुमा अन्यथा नहोला ।

## सन्दर्भ ग्रन्थ सूची


१) आचार्य बाबुराम - नेपालका लिच्छवि राजाहरूको कालगणना (प्रस्तावना) शारदा वर्ष ५ अंक ११ वि.सं. १९९६

२) इन्द्रजी पं भगवानलाल - Twenty three Inscriptions from Nepal, Bombay B.S. 1942

३) ल्फीट, जोन फेथफुल - भारतीय अभिलेख संग्रह तेश्रो भाग इन्डोलोजिकल बूक हाउस वाराणसी वि.सं. २०२७

४) झा. डा. हितनारायण - The Lichchhavis - Chaukhamba Sanskrit Series Office Koshi B.S. 2027

५) के.जी. शंकर - The early chronology of Nepal - India Historical quaterly vol II Calcutta B.S. 1992

६) पन्त, नयराज - लिच्छविसंवतको निर्णय - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं वि.सं. २०४३

७) मजुमदार रमेश चन्द्र - Chronology of early kings of Nepal- Journal of the Asiatic Society Vol. I Calcutta B.S. 2016

८) राजवंशी, शङ्करमान - लिच्छवि संवतको निष्कर्ष - दिलीपमान राजवंशी, काठमाडौ, वि.सं. २०३०

९) लेभी, सिलभान - ले नेपाल (हिन्दु अभिराज्य नेपालको इतिहासको परिशीलन) भाग २ पेरिस वि.सं. १९६२

१०) शर्मा बालचन्द्र - नेपाको ऐतिहासिक रूपरेखा - कृष्ण कुमारी देवी, वाराणसी वि.सं. २०२२

११) शर्मा पं. हेमराज - Chronology and History of Nepal from 600 B.C. to 880 A.D. (K.P. Jayswal) Patna B.S. 1994.

# ABOUT THE AUTHORS

| | | |
|---|---|---|
| Prof. Dr. Khadga Man Shrestha | – | Ex-Director General<br>DoA<br>Kuleshwor, Kathmandu |
| Suresh Suras Shrestha | – | Archaeological Officer<br>DoA |
| Hari Ram Joshi | – | Research Scholar<br>Manbhawan, Lalitpur |
| Dr. Bhaweshor Pangeni | – | Research Scholar,<br>T.U. Department of History<br>Kirtipur, Kathmandu |
| Rajendra Lal Shrestha | – | Research Scholar<br>Dallu, Kathmandu |
| Shyam Sunder Rajbamshi | – | Epigraphy Officer<br>DoA |